# प्रदेश १ र २ को गरिबी न्यूनीकरणमा सहकारी भूमिका: एक आधारभूत अध्ययन

पेस गरिएको
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

पेस गर्ने
काठमाडौं विश्वविद्यालय स्कूल अफ मेनेज्मेन्ट
ललितपुर, नेपाल

भदौ २०७८

# कृतज्ञता


सहकारीहरूको सर्वोच्च निकाय राष्ट्रिय सहकारी महासंघले 'प्रदेश १ र २ मा गरिबी निवारणमा सहकारीहरूको भूमिका' बारेमा अध्ययन शुरु गरेको छ। यस कार्यमा राष्ट्रिय सहकारी महासंघले काठमाडौं युनिभर्सिटी स्कुल अफ म्यानेजमेन्टसँग साझेदारी गरेकोमा हामी आभार व्यक्त गर्न चाहन्छौं। यस महासंघको व्यवस्थापन र समितिका सदस्यहरूबाट पाएको दिशा निर्देशन, सहयोग र समर्थन एकदमै सराहनीय छ। महासंघको सहयोग बिना यो अनुसन्धान कार्य पूरा गर्न सम्भव नै थिएन ।

हामी माननीय श्री केशव बडाल, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष श्री मिनराज कंडेल, वरिष्ठ उपाध्यक्ष श्रीमती ओम देवी मल्ल, उपाध्यक्ष श्री रमेश पोखरेल र प्रबन्धक श्रीमती चित्रा थानसुहाङ्ग प्रति स-सम्मान हार्दिक आभार प्रकट गर्न चाहन्छौं। यसै गरी, यहाँहरूले हामीलाई विभिन्न जिल्लाहरूमा रहेका सहकारीहरुको सूची तयार पार्नुका साथै प्रदेश १ र २ का २२ जिल्लाका प्रतिनिधिहरुसंग परिचय गराई दिएकोमा धन्यवाद दिन चाहन्छौं। साथै हाम्रो प्रश्नावली परिष्कृत गर्न र लकडाउन जस्तो विषम समयमा पनि सवारी पासको व्यवस्था गर्न मद्दतको लागि धन्यवाद दिन चाहन्छौं। त्यस्तै गरी, प्रदेश १ र २ का सबै सहकारी अभियन्ता र सरोकारवालाहरूले कोभिड १९ को विषम परिस्थितिमा पनि राय, प्रतिक्रिया, सल्लाह, सुझाव, सेवा र सहयोगको लागि मुरीमुरी धन्यवाद दिन चाहन्छौं।

हामी कुसोमका डीन, प्रा. डा. देवी बेडारीले हाम्रो अनुसन्धान टोलीलाई भरोसा गरी स्वतन्त्र रूपमा काम गर्ने वातावरण प्रदान गरिदिनु भएकोमा उहाँ प्रति आभारी छौं। यसबाहेक, हामीलाई नेपाली अनुवाद कार्यमा सहयोग गरिदिनुहुने श्री प्रेम राज अधिकारी र तथ्याङ्क सङ्ग्रह र तथ्याङ्क प्रविष्टि प्रक्रियामा सहयोग गर्ने हाम्रा सबै विद्यार्थीहरूलाई धन्यवाद दिन चाहन्छौं। अन्त्यमा, हामी

यस अनुसन्धानको प्रक्रियामा सहयोग पुऱ्याएका सबै सदस्यहरूको योगदान प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौँ।

भवदीय,

प्रा. डा. विनोद कृष्ण श्रेष्ठ

सहायक प्राध्यापक हरि गोपाल रिसाल

सहायक प्राध्यापक दिपेश कार्की

सहायक प्राध्यापक सबिना बनिया,पोखरेल

सहायक प्राध्यापक सुनिल कुमार झा

लेक्चरर श्री शरद न्यौपाने

# आदिवर्णिक र संक्षिप्त शब्द

| | |
|---|---|
| ICA | International Cooperative Alliances |
| NCF/N | National Cooperative Federation Nepal |
| MPI | Multi-dimensionality Poverty Index |
| PI | Poverty Index |
| VDC | Village Development Committee |
| प्र. १ | Province 1 |
| प्र. २ | Province 2 |

# तालिकाहरुको सूची


तालिका १: जनसंख्या र नमूना ........ 16

तालिका २ .सहकारी सदस्यहरुको जनसांख्यिकीय विशेषताहरु (नं .= ७५१) ........ 38

तालिका ३. प्रदेश अनुसार लैङगिक वितरण ........ 39

तालिका ४. प्रदेश अनुसार उमेर वितरण ........ 40

तालिका ५. प्रदेश अनुसार सहकारी प्रवेशको लक्ष्य ........ 41

तालिका ६ .सदस्यता वितरण ........ 43

तालिका ७. गरीबी सूचकांकमा शैक्षिक स्तर विश्लेषण ........ 44

तालिका ८. सहकारी सदस्यहरुमा घरको स्वामित्व ........ 45

तालिका ९ .प्रदेश अनुसार यातायातको प्रयोग ........ 47

तालिका १० .घरायसी उपयोग ........ 48

तालिका ११. शौचालयमा पहुँच ........ 49

तालिका १२. प्रदेश अनुसार स्वामित्वको स्तर ........ 50

तालिका १३. बहुआयामी गरीबी सूचकांक गणनाको क्षेत्रगत घटकहरु ........ 53

तालिका १४ बहुआयामी गरीबी सूचकांक ........ 54

तालिका १५. सहकारीको प्रभाव ........ 58

तालिका १६. प्रदेश १ र २ मा लैङ्गिक आधारमा सहकारीको प्रभाव ........ 59

तालिका १७. सहकारीका प्रकारको आधारमा उनीहरुको प्रभाव ........ 61

तालिका १८ .सहकारीहरुको प्रभावसंग सदस्यहरुको सन्तुष्टि स्तर ........ 62

तालिका १९ .लक्ष्य प्राप्ति प्रतिको धारणा ........ 64

तालिका २०. LOGISTIC REGRESSION ........ 65

# चित्रहरुको सूची

चित्र १. अवधारणात्मक रूपरेखा ........ 14

चित्र २. गरिबीको कारणहरु ........ 19

चित्र ३ .गरीबीका विशेषताहरु........ 20

चित्र ४. गरिबी निवारणमा सहकारीको योगदान........ 22

चित्र ५ .सहकारीका बाह्य चुनौतिहरु........ 23

चित्र ६. सहकारीका आन्तरिक चुनौतिहरु ........ 26

चित्र ७. सहकारी प्रतिको विश्वासका कारण........ 27

चित्र ८. लक्षित समुह छलफलबाट भविष्यका लागि गरिएका सुझावहरु........ 28

चित्र ९. गहिरो साक्षात्कार अनुसार गरीबीका कारणहरु ........ 29

चित्र १० .गहन साक्षात्कार अनुसार विश्वास कारकहरु ........ 30

चित्र ११. गहिरो साक्षात्कार अनुसार गरिबी घटाउन सहकारीहरुको भुमिका........ 31

चित्र १२. गहन साक्षात्कार अनुसार सहकारीका आन्तरिक चुनौतिहरु........ 34

चित्र १३. गहिरो साक्षात्कार अनुसार सहकारीका बाह्य चुनौतिहरु ........ 35

चित्र १४. गहन साक्षात्कार अनुसार भविष्य लागि गरिएका सुझावहरु........ 36

चित्र १५. विभिन्न सहकारीहरुका सदस्यहरुको विबरण........ 40

चित्र १६. प्रदेश अनुसार सहकारी प्रवेशको लक्ष्य ........ 42

चित्र १७. सदस्यताको वितरण ........ 43

चित्र १८. घरको स्वामित्व ........ 46

चित्र १९ .सदस्यहरु बीच रहेको यातायातका साधन........ 47

चित्र २०. सहकारी सदस्यहरु बीच ईन्धनको उपयोग ........ 49

चित्र २१. शौचालयमा पहुँच ........ 49

चित्र २२ .सहकारी सदस्यहरु बीच उपभोग्य सामानहरुको स्वामित्व ........................................................ 51

चित्र २३. सहकारी सदस्यहरु बीच गरीबी सूचकांक वितरण ........................................................ 56

चित्र २४. प्रदेश १ मा गरीबी सूचकांकको वितरण ........................................................ 57

चित्र २५. प्रदेश २ को गरिबी सूचकांकको वितरण ........................................................ 57

चित्र २६. सहकारी अभियानका प्रति सदस्यहरुको सन्तुष्टि स्तर ........................................................ 63

चित्र २७. लक्ष्य प्राप्ति प्रतिको धारणा ........................................................ 64

# कार्यकारी सारांश

सहकारी मोडेललाई नेपाली अर्थव्यवस्थाको विभिन्न पक्षहरूमा प्रयोग गरिएको पाईन्छ। बिशेषत, यसलाई कृषि, उत्पादन, वित्तीय सेवा, सञ्चार, ऊर्जा, शिक्षा, स्वास्थ्य, र उपभोक्ता सेवा व्यवसायमा प्रयोग गरिएको पाईन्छ। सहकारीहरूले आफ्ना सदस्यहरुको आर्थिक रूपान्तरण, सामाजिक समावेशीकरण र वित्तीय स्वतन्त्रता बढाउने प्रयास गरिरहेको पाईन्छ । सहकारीहरू आफ्ना सदस्यहरूको वर्तमान गरिबीस्तरबाट उत्थान गर्ने वातावरण सिर्जना गर्न तल्लीन छन। तर सहकारीहरूले गरिबी घटाउनमा पारेको प्रभावको बारे जानकारी छैन। राष्ट्रिय योजना आयोगसँगको साझेदारीमा अन्तर्राष्ट्रिय विकास संस्थाले बहुआयामी गरिबी सूचकाङ्कको मापन गरिसकेको छ। यद्यपि सहकारीहरूले आफ्ना सदस्यहरूलाई कसरी प्रभाव पार्छन् भन्ने बारे जानकारी छैन। तसर्थ, सबै प्रदेशहरुमा रहेका सहकारीहरुको अध्ययन गर्नु अति नै आवश्यक छ। यो अध्ययन प्रदेश १ र २ मा बिध्यमान सहकारीहरूले आफ्ना सदस्यहरूका गरिबी घटाउन र जिवनस्तरमा कसरी प्रभाव पारेका छन् भन्ने बारेमा मात्र केन्द्रित छ।

यो अध्ययनले प्रदेश १ र प्रदेश २ मा रहेका सहकारीहरूले आफ्ना सदस्यहरूको जीवनस्तरमा सुधार ल्याउन गरेका प्रभाबहरुको बारेमा जानकारी गराएको छ। यस अध्ययनले सहकारी सदस्यहरूको बहुआयामी गरिबी सूचकाङ्क र सन्तुष्टिको गुणात्मक र संख्यात्मक स्तर मापन गरेको छ।

यो अध्ययन प्रदेश १ र २ मा रहेका विभिन्न प्रकारका सहकारीहरु पहिचानबाट सुरु गरिएको थियो। राष्ट्रिय सहकारी महासंघका संचालक समितिका सदस्यहरूले दिइएको जानकारी मार्फत सहकारीहरुको पहिचान गरिएको थियो। प्रदेश १ मा ९३५७०० सदस्यहरू सहित ४,७३७ र प्रदेश २ मा ५५५१९७ सदस्यहरू सहित ४१५३ सहकारीहरु रहेका छन् । यस अध्ययनका लागि १२०० सहकारीहरूबाट ७५१ जवाफहरू प्राप्त भएको थियो। यस अध्ययनमा लक्षित समूह छलफल र

गहन अन्तर्वार्ता पनि सञ्चालन गरिएको थियो। जसमा सहकारीहरूका १६ सदस्यहरुसंग अन्तर्वार्ता गरिएको थियो। बिभिन्न सहकारीका १८८ सदस्यहरू, कार्यकारी निर्देशकहरू र विशेषज्ञहरू सँग १२ वटा लक्षित समूह छलफलको आयोजना गरिएको थियो।

यस अध्ययनका लागि गरिबी सूचकाङ्क मापन गर्न बहुआयामी गरिबी सूचकाङ्कको प्रयोग गरिएको थियो। यस अध्ययनका मुख्य सूचकहरूमा शिक्षा, स्वामित्व, र वासस्थान रहेको थियो। यस अनुसन्धानमा **Mean, Median, Percentile,** र **Standard Deviation** जस्ता संख्यात्मक विश्लेषण बिधिको प्रयोग गरिएको थियो। यसबाहेक सदस्यहरूको अपेक्षाहरू पूरा भए, नभएको विश्लेषणका गरिएको थियो। यसका साथै यसका अपेक्षाहरू पूरा हुनुमा प्रदेश, लिङ्ग, जातीयता, शिक्षा स्तरको सम्बन्ध बुझ्न **Logistic Regression** को प्रयोग गरिएको थियो। गुणात्मक विश्लेषणका लागि बिषयगत विश्लेषण पद्धतिको प्रयोग गरिएको थियो। बिभिन्न बिषयगत बुदाहरू लक्षित समूह छलफल र गहन अन्तरवार्ताहरूबाट लिएको थियो।

सहकारीहरुको सदस्यताले गरिबी र समुदायको उत्थान गर्न सहयोग गरेका बिभिन्न बिषयगत बुदाहरू गुणात्मक अध्ययनले दिएकोछ। साथै सहकारीहरूमा बिध्यमान संरचनात्मक अवरोघहरु पनि देखिएका छन्। कमजोर नियमन, सहकारी मैत्री नीतिको अभाव र सरकारको उदासीनता मुख्य संरचनात्मक अवरोधहरू देखिएका छन। सहकारीहरु आफ्ना आन्तरिक कारणहरूले नै लक्ष्य पूरा गर्न असफल भएका छन। केही आन्तरिक समस्याहरूमा कमजोर प्रशासन, संस्थापकहरूको ईमान्दारीता र कुशल मानव संसाधनको कमी आदि हुन। सहकारीहरूलाई उचित सल्लाह, प्रोत्साहन, पर्यवेक्षण र सहयोगमा अभाव भएको पाइयो।

संख्यात्मक विश्लेषणले अधिकांश उत्तरदाताहरूको शैक्षिकस्तर साक्षर र प्रवेसिका रहेको देखिएको थियो। त्यस्तै गरी, प्रदेश १ का सदस्यहरू गरिबीको स्तर बराबरि रूपमा छरिएर रहेको पाईयो। प्रदेश २ मा भने मध्यम आय समूहका सदस्यहरु अधिक रहेको देखियो। सहकारीका अधिकांस सदस्यहरूको गरिबीस्तर उच्च रहेको सूचकाङ्क हिस्टोग्रामले देखाएकोछ। दुवै प्रदेशहरूमा प्रदेशका

अधिकांश सदस्यहरू सहकारीमार्फत बचत बढाउन सफल भएका छन। दुवै प्रदेशमा अधिकांश उत्तरदाताहरूसगँ आफ्नै पुर्खौली घरहरु छन।

त्यसै गरी, अधिकांश उत्तरदाताहरूको स्वामित्वमा दुई पाङ्ग्रे सवारी साधन, मोबाइल फोन, र घरमा स्थायी शौचालयको सुविधा छन । प्रदेश १ मा पुरुषको तुलनामा महिलाहरूको बचत उच्च छ। प्रदेश २ मा यसको ठिक उल्टो पुरुषहरूको बचत उच्च छ। मुख्यतया सबै किसिमका सहकारीहरूले सदस्यहरूको बचत बढाउन मड्ढत गरेको पाइयो । प्रदेश १ का उच्च आम्दानी भएका ब्राह्मण र क्षेत्री महिलाहरूको अपेक्षाहरू धेरै हदसम्म पूरा भएको देखियो ।

यसरी सहकारीका सदश्यहरुका भनाइ अनुसार आफ्ना सदस्यहरुको गरिबी घटाउन, जीवनस्तर उकास्न, आर्थिक र सांस्कृतिक सशक्तीकरणको अपेक्षा पूरा गर्ने सन्दर्भमा महत्वपूर्ण योगदान गरेको पाईएकोछ। पहुँचको हिसाबले सहकारीहरु कमदेखि मध्यम आय भएका परिवारहरुलाई सेवा दिइरहेका छन् । तर सहकारीहरु सीमान्तकृत वर्ग सम्म पुग्न सकेको देखिएन । सहकारीहरुले दलित र अल्पसंख्यक समूहहरुको अपेक्षा पूरा गर्न सकेका छैनन्। सहकारीहरुको यो स्थितिलाई सुधार गर्न र आन्तरिक तथा बाह्य चुनौतिहरु र संरचनात्मक अवरोधहरुलाई सम्बोधन गर्न नितान्त जरुरी रहेको छ। यसबाहेक, एउटा अतिरिक्त अध्ययन गरि प्रस्तुत तथ्याङ्कहरुसगँ तुलना गरेर सहकारीको स्पष्ट प्रभाव आँकलन गर्न यस अध्ययनले सुझाव गरेको छ।

# विषय सूची

कृतज्ञता ष
आदिवर्णिक र संक्षिप्त शब्द ष्ष
तालिकाहरुको सूची ष्ख
चित्रहरुको सूची ख
कार्यकारी सारांश खष्
विषय सूची ह
अध्याय १ ज्ञ
परिचय ज्ञ
१.१ पृष्ठभूमि ........ 1
१.२ समस्या कथन ........ 3
१.३ अध्ययनका उद्देश्यहरु ........ 4
१.४ सीमा र भविष्यमा अध्ययन क्षेत्र ........ 5
अध्याय २ ठ
सन्दर्भ सामग्रीहरुको समिक्षा ठ
२.१ सहकारी ........ 7
२.२ सहकारी बिकासको संक्षिप्त इतिहास ........ 8
२.३ गरीबी न्यूनीकरण ........ 9
२.४ गरिबी निवारणमा सहकारीहरुको भूमिका ........ 10
२.५ वैचारिक रूपरेखा ........ 14
अध्याय ३ ज्ञछ
अनुसन्धान पद्धति ज्ञछ
३.१ तथ्याङ्क विश्लेषण ........ 17
अध्याय ४ ज्ञड

परिणाम।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।।ज्ञड
गुणात्मक बिश्लेषण....................................................18
४.१ लक्षित समुह छलफलको निष्कर्ष ...................................18
४.२ गहन साक्षात्कारको निष्कर्षहरु ......................................29
संख्यात्मक विश्लेषण..................................................37
४.१ सहकारी सदस्यहरुको जनसांख्यिकीय विशेषताहरु ...................37
४.२ प्रदेश अनुसार लैङगिक वितरण.........................................39
४.३ प्रदेश अनुसार उमेर वितरण ............................................40
४.४ विभिन्न सहकारीहरुका सदस्यहरुको विबरण ..........................40
४.५ सहकारी अभियानमा प्रवेशको लक्ष्य ....................................41
४.६ सदस्यताहरुको वितरण ..................................................43
सदस्यहरुको गरिबी सूचकांक मूल्यांकन...................................44
१.शिक्षा स्तर विश्लेषण ........................................................44
२ .घरको स्वामित्व विवरण.....................................................45
३ .यातायात .......................................................................47
४ .घरायसी उपयोग ...............................................................48
५ .सरसफाई.........................................................................49
६ .स्वामित्व स्थिति................................................................50
७ .बहुआयामी गरीबी सूचकांक.................................................51
१ .सहकारीको प्रभाव) आवृत्ति( ..................................................58
२ .प्रदेश १ र २ मा लैङ्गिक आधारमा सहकारीको प्रभाव....................59
३ .सहकारीका प्रकारहरुमा आधार उनीहरुको प्रभाव........................61
४ .सहकारीहरुको प्रभावसंग सदस्यहरुको सन्तुष्टि स्तर ...................62
५ .अपेक्षाहरुको प्राप्ति .............................................................64
६ .कारण विश्लेषण .................................................................65

अध्याय ५ ..... टड
सारांश, निष्कर्ष र सुझावहरु ..... टड
५.१ प्रमुख निष्कर्षहरुको सारांश ..... 68
५.२ निष्कर्ष र सुझाव ..... 72
५.३ भावी अध्ययनका लागि सुझाव ..... 74
सन्दर्भ सुची ..... ठछ
एनेक्स १ प्रमुख सूचनादाताहरु को लागी साक्षात्कार गाइड ..... ठठ
एनेक्स २ लक्षित समूह छलफल निर्देशिका ..... डण
एनेक्स ३ मापन मेट्रिक्स ..... डज्ञ
एनेक्स ४ गरिबी न्यूनीकरणमा सहकारीको प्रभाव ..... डछ
एनेक्स ५ नक्शा ..... ढज्ञ

# अध्याय १

# परिचय

## १.१ पृष्ठभूमि

सहकारी एक समावेशी ब्यबसाय मोडेल हो। यसले कृषि, खाद्य, वा अन्य क्षेत्रहरूका, सामान्यतया ग्रामीण समुदायहरूमा रहेका साना आकारका ब्यबसायहरूलाई सहयोग गर्दछ (सुमेलियस र अन्य, २०१३)। सहकारीले पुँजी, शिक्षा, र तालिममा पहुँच नभएका विकासशील र सङ्क्रमणशील देशहरूका समुदायहरूको समस्याहरूलाई समाधान गर्न, साझा लक्ष्यहरू पहिचान गर्न र गरिबीका कारणहरू लक्षित कार्यक्रम गर्न आफ्नो स्रोत जुटाउन सहयोग गर्दछन् (भेन्टुरा, २०१८)। विकासशील देशहरूले गरिबीको समस्याहरूलाई निवारण गर्नको लागी बहुउद्देश्यीय सहकारी समाजको विकास गर्ने प्रयास गरेको पाइन्छ। गरिबीको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरका गैर नाफामुखी संस्थाहरू र समुदायमा आधारित सङ्गठनहरूका बाबजुद पनि सहकारीहरूले गरिबी निवारणका लागि महत्वपुर्ण भूमिका खेलेका छन्। सहकारीहरूले समग्रमा गरिब सहित स्थानीय जनताको प्रतिनिधित्व गर्दछन्। उनीहरूमा सहयोगको भावना रहेको पाईन्छ (शर्मा, २०२०)। सहकारीहरुले जनतालाई एकता र जीविका, आर्थिक स्थिति सुधारमा सहयोग गर्ने गतिविधिहरू सञ्चालन गर्न मद्दत गरेको छन् (लम्साल, २०१०)।

नेपाल विश्वमा ८८५.०८ अमेरिकी डलर प्रतिव्यक्ति जिडिपी भएका सबैभन्दा कम विकसित देशहरू मध्येको एउटा देश हो। हाल नेपाल १८९ देशहरू मध्ये १४९ औँ स्थानमा रहेको छ (विश्व बैक, २०२१)। यस परिदृश्यमा, आर्थिक वृद्धि र गरिबी उन्मूलन नेपालका प्रमुख चुनौतीहरु हुन्। अहिले नेपालमा बढ्दो असमानता र फराकिलो आर्थिक विभाजन एउटा महत्त्वपूर्ण चिन्ताको विषय बनेको छ (उमात्सु, २०१६)। नेपाल डेभलपमेन्ट अपडेटका अनुसार

३१.२ प्रतिशत नेपालको जनसङ्ख्या गरिबी रेखा नजिकै रहेकाले कोभिड महामारीको कारण चरम गरिबीमा फस्ने उच्च जोखिम हुने अनुमान गरिएकोछ (सिन्हुआनेट, २०२१)।

महामारीमा र यस पछि पनि नेपाली अर्थतन्त्रले गरिबीको भयावह स्थिति सामना रहने स्तिथि रहेको पाईन्छ। सहकारीले भविष्यमा देशमा गरिबी घटाउन महत्वपूर्ण योगदान गरी देशको अर्थतन्त्र बलियो पार्ने अपेक्षा गरिएकोछ। गरिबी एक बहु-आयामिक अवधारणा हो। यो स्थान, अवधि, र सामाजिक समूहहरू पिच्छे भिन्न हुन्छ । (शर्मा, २०२०)। गरिबहरू झन् गरिब हुँदै जादैंछन् । गरिबी एउटा जाल हो। गरिबीबाट जो कोहि पनि सजिलै बाहिर आउन सकेका छैनन् । गरिबीका धेरै परिभाषाहरू पाईन्छन। आय दृष्टिकोण गरिबीलाई परिभाषित गर्ने मान्य दृष्टिकोण रहेकोछ। यसले आयको कमी नै गरिबी हो तथा जीवनका आधारभूत आवश्यकताहरूको कमी नै गरिबी हो भन्ने कुरामा जोड दिएको पाईन्छ। गरिबी मापन गर्ने सामान्य तरिकाहरूमा प्रति व्यक्ति आय, प्रति दिन आय, गरिबी अन्तर, र घरायसी खर्च आदि हुन् (हन्नान, २०१४)।

सहकारीहरुले जनताको सामाजिक, आर्थिक स्थिति बढाउनमा बहुआयामिक भूमिका खेलेका छन्। यसले ग्रामीण बैंकिंग अवधारणा, रोजगारी सृजना, आय वृद्धि, स्वास्थ्य, महिला सहभागिता र सुशासन लाई सहयोग गरेकोछ (शर्मा र अन्य, २००५)। सहकारीहरुले ग्रामीण क्षेत्रका गरिबी दुषचक्र तोड्न सक्छ (शर्मा, २०२०)। नेपालले पनि १९५६ देखि अन्य विकासशील देशहरूमा जस्तै सहकारीको विकासलाई राष्ट्रिय विकास योजनाहरू सँग एकीकृत गरेको पाईन्छ। सहकारीहरू १९९१ सम्म सरकार नियन्त्रित भएकाले यसको विकास सुस्त रहेको हो (आईसीए, २०२०) ।

नेपालमा सहकारीको अभियानलाई विकास गर्न १९९३ मा नेपाल राष्ट्रिय सहकारी महासंघको स्थापना भएको हो। यस महासंघले १९९७ मा अन्तर्राष्ट्रिय सहकारी गठबन्धन सदस्यता लिएको थियो। यस महासंघले नेपालको संविधान २०१५ मा आर्थिक विकासको तेस्रो स्तम्भको

रूपमा सहकारी क्षेत्रलाई चिनाउन सफल भएको छ। राज्य पुनर्संरचना पछि सङ्घीय, प्रदेश र स्थानीय सरकारहरू मिलेर तीन तहको सरकार बनेको छ।

नयाँ सङ्घीय ढाँचामा अनुकूलन गर्न सहकारी ऐन २०१७ जारी गरी लागू भएको छ। महासंघले राष्ट्रिय सहकारी नीतिहरू र सहकारीहरूलाई सुदृढ पार्न, समावेशी, न्यायसङ्गत र दिगो विकास, ठोस राय, सुझाव र प्रतिक्रियाहरु प्रदान गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। अझ पनि महासंघले विभिन्न प्रदेशहरूमा जनताको जीवनस्तर उकास्न सहकारीहरूले खेलेको भमिकाको अध्ययन गर्न सकेको छैन। विभिन्न राष्ट्रिय सहकारी रिपोर्टहरू, विश्व बैङ्क रिपोर्टहरू, र यूएनडीपी रिपोर्टहरुमा पर्याप्त प्रमाणहरूका साथ गरिबी निवारणमा सहकारीहरूको भूमिका मापन गर्न सक्ने अध्ययन अझ पनि हुन सकेको छैन।

### १.२ समस्या कथन

सहकारी विभागका अनुसार नेपालभर २९८८६ सहकारीहरू सक्रिय छन्। जसमा ७.३ मिलियन सदस्यहरू (३२१५०६८ पुरुष र ४०९२३९५ महिला) छन्। यसको कुल शेयर पुँजी रु. ९४१०५०१५८०३।– रहेको छ (सहकारी विभाग, २०१८)। नेपाल राष्ट्रिय सहकारी महासंघको तथ्याङ्क अनुसार सहकारीहरूले ८८,३०९ भन्दा बढी पूर्ण-कालिन रोजगारी सृजना गरेको छ भने अप्रत्यक्ष रूपमा १० लाख अरूलाई लाभान्वित गरेको देखाएकोछ। यस क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादन बराबरको ४ प्रतिशत, झण्डै पर्यटन उद्योग बराबरको योगदान गरेको छ (यूएनडीपी, २०१९)।

यी तथ्याङ्कहरूले सहकारी अभियानले गरिबी न्यूनीकरणको दिगो विकास लक्ष्य हासिल गर्न सहयोग गरेको कुरा प्रष्ट पारेकोछ। तसर्थ, महासंघले गरिबी निवारणमा सहकारीहरूको भूमिका र यसका प्रमाण सङ्कलन पनि गरेकोछ। एक्कै पटक राष्ट्रव्यापी अध्ययन हासिल गर्न गाह्रो भएकाले महासंघले प्रदेश १ र प्रदेश २ मा अध्ययन गर्ने निर्णय गरेको छ।

हाल, प्रदेश १ मा ४,७३६ र प्रदेश २ मा ४,१५३ रहेका सहकारीहरूले आफ्ना सदस्यहरू र समुदायको जीवन स्तरमा सुधार ल्याइरहेका छन्। विभिन्न अध्ययनहरूले गरिबी निवारणमा सहकारीहरूको प्रभावको आकलन गर्न कोसिस गरेका छन्, तर तिनीहरूको मूल्याङ्कन स्थान अनुसार मुख्यतः कृषि सम्बन्धी सहकारीहरूमा मात्र सीमित रहेका छन्। सहकारीको प्रभाव मापन खोजमा अझै पनि व्यापक अध्ययनको अभाव रहेकोछ । यस आधारभूत अध्ययनले सरोकारवालाहरूको दृष्टिकोणबाट सदस्यहरूको गरिबी घटाउन सहकारीहरूको प्रभावको मूल्याङ्कन गरेकोछ। यस अध्ययनको निष्कर्षले प्रदेश १ र २ मा गरिबी न्यूनीकरणमा सहकारीहरूको भूमिका रहेको कुराको पुष्टि गर्दछ। यसबाहेक, महासंघको वर्तमान गतिविधिहरू जस्तै, प्रशिक्षण, शिक्षा, र सुपरिवेक्षण सुधारको लागि सुझाव प्रदान गरेकोछ। यस अध्ययनले महत्त्वपूर्ण प्रश्नहरू यस प्रकार रहेकाछन्।

१. प्रदेश १ र २ मा आफ्ना सदस्यहरूको जीवनस्तर सुधार गर्न सहकारीको प्रभाव कस्तो रहेको छ?

२. प्रदेश १ र २ का सदस्यहरूको गरिबी स्तर घटाउन सहकारीको भुमिमा कस्तो रहेको छ?

३. गरिबी निवारणको उद्देश्य हासिल गर्न सहकारीहरूले सामना गर्नुपर्ने चुनौतीहरू के के हुन्?

**१.३ अध्ययनका उद्देश्यहरु**

यस अध्ययनको समग्र उद्देश्य प्रदेश १ र प्रदेश २ का सहकारी सदस्यहरू र उनीहरूको समुदायहरू बिच रहेको गरिबी घटाउन सहकारीहरूको प्रभावको मापन गर्नु हो। यसका विशिष्ट लक्ष्यहरू निम्न छन्

- प्रदेश १ र २ मा सहकारीहरूका सदस्यहरू र उनीहरूको समुदाय गरिबी सूचकाङ्क (पीआई) को माध्यमबाट सहकारीहरूको प्रभावको आकलन गर्नु ।
- भविष्यमा सहकारीहरूको प्रभाव मूल्याङ्कनको लागी आधारभूत तथ्य प्रदान गर्नु।

- सबै भन्दा राम्रो अभ्यासहरूलाई भविष्यका लागि सन्दर्भ दस्तावेज तयार गर्नु साथै भविष्यमा सहकारीहरूको प्रभाव मूल्याङ्कनको लागी आधारभूत तथ्याङ्क प्रदान गर्नु ।
- सहकारीहरूको विकास, शिक्षा, प्रशिक्षण, र अनुगमन अवधारणा, गतिविधिहरूमा सुधार र नयाँ प्रशिक्षण अवधारणामा सुझाव प्रदान गर्नु।

**१.४ सीमा र भविष्यमा अध्ययन क्षेत्र**

सरकारद्वारा लगाइएको लकडाउनको कारण गुणस्तरीय तथ्याङ्क सङ्कलन विधि अनलाइन गरिएको थियो। हामीले पहाडी क्षेत्रहरूमा इन्टरनेट समस्याको कारण टेलिफोनबाट केही अन्तर्वार्ता गरिएको थियो। अन्तर्वार्ता र लक्षित समुह छलफलहरुकोमाध्यम बाट सङ्कलित तथ्याङ्कलाई ठुलो जनसङ्ख्याको लागि सामान्यीकरण गर्न सकिँदैन। त्यस्तै गरी देशमा भएको बन्दाबन्दीका कारण सबै क्षेत्रको भ्रमण समय छोटो पारिएको थियो। तथ्याङ्क सङ्कलन अवधिमा प्रदेश १ र २ मा कोभिड १९को प्रकोप ठुलो सङ्ख्यामा रहेको थियो। सर्वेक्षण र तथ्याङ्क सङ्कलन गर्दा एक अन्वेषक कोभिड १९ बाट सङ्क्रमित हुनु भएको थियो। लकडाउनको कारण लगभग तीन महिना सर्वेक्षण कार्य रोकिएको थियो। लकडाउन हटाइसकेपछि पनि धैरै सदस्यहरूका आफन्तहरू कोभिड १९ बाट सङ्क्रमित थिए । जसले गर्दा उहाँहरूले सर्वेक्षणमा जवाफ दिन उचित समय दिन सक्नु भएको थिएन। त्यस समयमा धैरै सदस्यहरूले परिवारमा आफन्तहरु गुमाएका थियो। जसको कारण चाहेको सङ्ख्यामा अध्ययन प्रतिक्रियाहरू लिन सकिएको थिएन। अन्वेषकहरुले सावधानी पुर्वक अध्ययन क्षेत्रमा उपस्थित भई गुणस्तर सूचना संङकलन गरेको थियो।

उस्तै अनुसन्धान डिजाइन र पद्धतिको उपयोग गरी महामारी पछि एउटा फलो अप अध्ययन गर्न सकिन्छ। यो अध्ययन एक आधारभूत सर्वेक्षण हो। त्यसैले राष्ट्रिय सहकारी महासंघले सहकारी र गरिबीको कमी बिचका अन्तरसम्बन्धको मापन गर्न अर्को बिस्तारित अध्ययन सञ्चालन गर्नुपर्नेछ।

यस अध्ययनले कम आय समूहका मानिसहरु सम्म सहकारीहरुको पहुँच, समुदायको सहभागिता र सदस्यहरुको गरिबीको स्तरका पक्षहरूमा सहकारीहरुको प्रभाव मूल्यांकन गरेकोछ। यस अध्ययनले सहकारीहरुमा संलग्न भए पछि सदस्यहरुले कसरी गरीबीका विभिन्न आयामहरु र आफ्नो गरिबी वा जीवनस्तरमा सुधार गरे कि गरेनन् भन्ने कुराको विश्लेषण पनि गरेकोछ।

# अध्याय २

## सन्दर्भ सामग्रीहरुको समिक्षा

### २.१ सहकारी

सहकारी व्यवसाय उद्यमको एक विशिष्ट रूप हो। यो परम्परागत शेयर धनी स्वामित्ववाला उद्यम वा लगानीकर्ता स्वामित्ववाला फर्म वा गैर नाफामुखी संस्था भन्दा फरक रहेकोछ। माजारोल (२००९)का अनुसार सहकारी उद्यमको धेरै परिभाषाहरू लाई चित्रण गर्ने प्रमुख पाँच सिद्धान्तहरू रहेको बताएकाछन्। जसमा पहिलो, सामूहिक उद्यम समुह वा सदस्यहरूको एक स्वैच्छिक गठन हो। दोस्रो, यो लोकतन्त्रका सिद्धान्तहरू द्वारा शासित हुनु पर्दछ जसमा "एक सदस्य एक मत" नियम कायम रहन्छ। तेस्रो, यो सरकारी नियन्त्रण बाट स्वतन्त्र छ र यसको सदस्यहरूमा मात्र स्वामित्व रहन्छ। चौथो, ती व्यक्तिहरू वा सङ्गठनहरूबाट संचालन गर्न सकिन्छ। अन्तमा, सहकारी उद्यम यसका सदस्यहरूको लाभका लागी मात्र हो। सन २०२० मा, अन्तर्राष्ट्रिय सहयोग गठबन्धन (**ICA**) का अनुसार,

> *"यस पृथ्वीमा १२ प्रतिशत भन्दा बढी मानिसहरू, संसारमा रहेका ३ मिलियन सहकारीहरूको हिस्सा हुन्। विश्वभरिका २८० मिलियन अर्थात् संसारको रोजगार जनसङ्ख्याको १० प्रतिशत मानिसहरूलाई सहकारीहरूले दिगो आर्थिक वृद्धि र गुणस्तरीय रोजगारीको अवसर प्रदान गर्न योगदान गर्दछ।"*

सहकारी अभियान एक सीमान्त प्रयास होइन बरु एक व्यापक अभियान हो जसले गरिबी घटाउन योगदान गर्दछ।

## २.२ सहकारी बिकासको संक्षिप्त इतिहास

सहकारीको प्रारम्भिक इतिहासको विकास फेन विक, स्कटल्यान्डबाट सुरु भएको पाइन्छ। सन १७६१ मार्च १४ मा यहाँका स्थानीय कामदारहरूले जोन वाकरको कोठामा केही ओट मीलको बोरा राखेर सुरु गरेका थिए। उनीहरूले सामग्रीहरु छुटमा बेच्दै, फेन विक विवरहरू को गठन गरेका थिए (आईसीए, २००८)।

त्यसै गरी, सन १८४४ सङ्क्रमणकालीन अवधिमा पनि औद्योगिक क्रान्तिमा सुधार भयो। रोचडेल (उत्तर इङ्गल्यान्ड) को कपास मिलमा काम गर्ने २८ जना कामदारहरूको समूहले पहिलो *रोचडेल इक्विटेबल पायनियर सोसाइटी* नामको आधुनिक सहकारी व्यवसायको बिधिवत स्थापना गरेका थिए। उनीहरूले अप्ठ्यारो काम र कम ज्याला भएको कारण कम मूल्यमा आधारभूत सामानहरूको वितरण र सँगै काम गर्ने निर्णय गरेका थिए। त्यसपछि, विश्वभरका सबै आर्थिक क्षेत्रहरू लाई समेटेर विस्तार हुँदै सहकारी अभियान फस्टाएको थियो। सन १९५४ अगस्त १९ मा अन्तर्राष्ट्रिय सहयोग गठबन्धन, लन्डनमा पहिलो सहकारी काँग्रेसको स्थापित भएको थियो (रिसाल, २०२१) ।

कृषि मन्त्रालयले सहकारी विभाग (DOC) को स्थापना गरे सगैं नेपालमा १९५४ बाट आधुनिक सहकारी अभियान सुरु भएको थियो। बि.स. २०१३ मा बाढी पीडितलाई राहत र पुनर्वासको दायित्व लिएर चितवन जिल्लामा श्री बखान बहुउद्देश्यीय सहकारी गठन भएको थियो। यो सहकारी समाज ऐन, १९५९ अनुसार बनेका थियो। यस अभियानको प्रारम्भिक चरण सबैमा सहकारीहरूको ज्ञानको कमिले कमजोर थियो । त्यसले सरकारले सहकारी विभागलाई विभिन्न समयमा विभिन्न मन्त्रालयहरूलाई हस्तान्तरण गरेको देखिन्छ (सिमखडा, २०१३)। हाल नेपालमा ७.३ मिलियन सदस्यहरू, ८८,३०९ जना कर्मचारीहरू सहितका २९,८८६ वटा सहकारी रहेका छन् (नेपाल सरकार, २०२०)।

## २.३ गरीबी न्यूनीकरण

गरीबी न्यूनीकरण गरिबीहरुको क्षमता बढाउने,  सम्पत्तिमा पहुँच परर्याउने गराउने एक बहु-आयाम अवधारणा हो जुन सम्पत्ति पहिचानको, पहुँच माध्यमबाट हस्तान्तरण हुन्छ। क्षमता र उत्पादन बढाउन गरीबी न्यूनीकरणको अभियान जरुरी पर्दछ (भारद्वाज, २०१२) । गरिबीका विभिन्न परिभाषाहरू पाईन्छन्। मुख्यतयः निर्वाहको आवश्यकताका आधारमा गरिबीलाई समाजले सानो, कमजोर, र निर्यण भएको रूपमा परिभाषित गरिएको पाईन्छ (प्राईस र बूथ, १८९६; रोन्ट्री, १९०१)।

संसाधन आधारित परिभाषाहरुले स्रोतको कमीका कारण एक व्यक्ति, एक समुदायमा भाग लिन असमर्थता हुनेमा केन्द्रित छ (टाउनसेंड, १९७९) । यी परिभाषाहरूले विभिन्न समयमा विभिन्न आलोचनाहरूको सामना गरेका थिए। अमर्त्य सेनका अनुसार आय तब मात्र मूल्यवान् हुन्छ जब यसले व्यक्तिहरूको दक्षता बढाउने र समाजमा आफ्नो काम गर्ने अनुमति दिन्छ (सेन, २००७)।

विकासवादीहरूले गरिबीलाई सक्षम र लोकहितको दृष्टिकोणबाट हेर्ने गर्दछन्। विश्व बैङ्कले अन्तर्राष्ट्रिय अर्थशास्त्री, अमर्त्य सेनको  मानव समावेशीकरणको परिभाषालाई अपनाएको छ। विश्व बैङ्क (२००१) का अनुसार गरिबिका कारण निम्न कारणहरू रहेको पाईन्छ क) आयको कमी र आधारभुत आवश्यकताहरूमा पहुँच नहुनु ख) आवाज र शक्तिहीनता; ग) प्रतिकूल जोखिमसगँ सामना गर्न नसक्नु हो (कपोंग र हनीस्चु, २०१३)।

विश्व बैङ्कले लिएको गरिबीको अवधारणा नेपालका लागि उपयुक्त देखिएकोछ। देशमा प्राकृतिक प्रकोप, जातीय भेदभाव, र महामारीले ग्रामीण भेगका जनतालाई गरिबीको रेखामा तिर झन् झन् धकेल्दैछन। तैपनि नेपालमा गरिबी र यसलाई घटाउने कुनै पनि ठोस परिभाषा विकास छैन (भारद्वाज, २०१२)।

### २.४ गरिबी निवारणमा सहकारीहरुको भूमिका

सहकारीलाई गरिबी र सामाजिक सीमान्तकरण न्यूनीकरण गर्ने एउटा माध्यमको रूपमा हेर्ने गरिन्छ। सहकारीमा सबैको लागी सदस्यता खुला हुनुपर्छ। यसमा सबैले लगानी नै गर्नु पर्ने आवश्यकता छैन। तर सहकारीले लाभलाई समान रूपमा सबै सदस्यहरूमा बाँडनुका साथै गरिबहरूलाई पनि मद्दत गर्नुपर्छ (भारद्वाज, २०१२)। क्वापोङ र हानिस्च (२०१३) ले गरिबी र सहकारीको सम्बन्धका चार दृष्टिकोण प्रस्तुत गरेका छन्

**१. मौलिक दृष्टिकोण**

"सहकारीहरू सँग गरिबहरूलाई हित गर्ने एक स्वचालित प्रवृत्ति हुन्छ।"

विकसित देशहरूमा गरिबहरूको आर्थिक आवश्यकताहरूको पुर्ति गर्न सहकारीहरूको विचारको सुरुवात भएको थियो। यो अवधारणा विकासशील देशहरूमा दोहोराइएको थियो। प्रारम्भिक चरणमा सहकारीहरू सरकारको नियन्त्रण थिए। सहकारीहरूमा जागरूकताको कमी, सरकारी पहल र स्थानीय अबिश्वास र अव्यवहारिकताको कारण विकासशील देशहरूमा यो दृष्टिकोण असफल भएको थियो।

**२. मध्यम दृष्टिकोण**

"सहकारी जनता केन्द्रित व्यवसाय हो जसको मुख्य लक्ष्य आफ्ना सदस्यहरूलाई लाभ प्रदान गर्नु हो। यो गरिबहरूको लागी कुनै अन्तर्निहित दायित्व भने होइन।"

यस दृष्टिकोणले मौलिक दृष्टिकोणलाई अवास्तविक छ भनी चुनौती दिएकोछ। सहकारी सदस्यहरूको लाभ लागि हो। सहकारीहरु गरिबहरूको लागि जिम्मेवार छैनन्। सहकारीले गरिबलाई फाइदा पुग्दैन, तर काम गर्ने प्रक्रियामा उनीहरूले गरिबहरूलाई आर्थिक लाभ दिन

सक्छन्। यो दृष्टिकोणले सहकारीहरूले धेरै विकास समस्याहरूलाई हल गर्ने र कुनै साधन र स्रोत बिना नै मानिसहरूको सेवा गर्ने कुरालाई अवास्तविक मान्दछ ।

**३. सन्तुलित दृष्टिकोण**

*"सहकारीहरूमा गरिबी घटाउने क्षमता छ, उनीहरूको मूल्य र सिद्धान्तहरूलाई साँच्चै सम्मान गरिन्छ तर यसका केही पूर्व सर्तहरू पूरा गर्न जरुरी हुन्छ।"*

यस दृष्टिकोणमा दुवै मौलिक र सन्तुलित दृष्टिकोणहरूलाई सन्तुलित रूपमा लिइएको छ। सहकारीले, सदस्यहरूलाई जागरूक बनाउने, आफ्नो सम्पत्ति बेच्नको लागी वैकल्पिक बजार खोज्ने क्षमता प्रदान गर्ने, गरिबहरूको आवाज बुलन्द बनाउने जस्ता अति आवश्यक मुद्दाहरूको पहिचान गरी गरिबहरूलाई मद्दत गर्न सक्दछन।

सहकारीहरुले क्षमता सुदृढीकरण र समस्याहरू सँग जुद्ध मद्दत गर्दछन। यसका लागि सहकारीले गर्ने सामाजिक र आर्थिक हित बारे बुझ्न आवश्यक हुन्छ। विभिन्न बाहिरी राजनितिक चासोहरुमा सहकारीहरू संलग्न हुनु हुँदैन भन्ने तर्क यो दृष्टिकोणले गरेकोछ।

**४. आशावादी दृष्टिकोण**

*"सहकारी एक मात्र यस्तो संस्था हो जसले गरिबीका सबै आयामहरूसगँ मिलेर सहस्राब्दी विकास लक्ष्यको उपलब्धि र भूमण्डलीकरणको चुनौतीहरूलाई सम्बोधन गर्ने क्षमता राख्छ।"*

यस दृष्टिकोणमा सहकारीहरूले गरिबीको सबै आयामहरू लाई पूरा गर्न सक्छन् भन्ने कुरामा लेखकहरू आशावादी छन्। यसलाई अझ राम्रो बनाउनका लागि नीति सुधार गर्नु पर्दछ। सहकारीहरूको बहुआयामी गरिबीमा पुग्न सक्ने क्षमता धेरै छ किनभने उनीहरू एउटा यस्तो साधन हुन् जुन "स्वार्थ" समूहको हित सँग जोडिएको हुन्छ ।


सहकारी उद्यमलाई अर्थशास्त्र, व्यावसाय, व्यवस्थापन र समाजशास्त्र  का विद्वानहरूले पर्याप्त ध्यान दिएको पाइँदैन् (बेनावाइड्स र एरेनहार्ड, २०२१)।उनीहरुले सहकारी उद्यमको क्षेत्रका सीमित र अपेक्षाकृत पुराना, विगत दशकहरूका दस्ताबेजहरू अनुसन्धान समीक्षा गरेका थिए। यी अधिकांश वैचारिक दस्ताबेजहरूमा सहकारी र गरिबी न्यूनीकरण  सम्वन्धका बारेमा व्यापक सूचना समेटेको पाईन्छ। उदाहरणको लागी, सापोवाडिया (२०१६) ले आदर्श सहकारी विकासको रूपरेखा प्रस्ताव गरेका छन्। सहकारीहरूले सदस्यहरूको महत्व बढाउन र एक अर्काको कमिमा क्षतिपूर्ति दिने महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् भनी बताएका छन्।

सिज्या (२००१) ले कृषि सम्बन्धी सहकारीहरूले गरेका पहलको एक विस्तृत शृङ्खला बारेमा कुरा गर्दछन्। यी सेवाहरूमा साना किसानहरूका लागी बजार सेवा, नीति निर्माण संरचनाहरूमा गरिबहरूलाई आवाज प्रदान गर्ने, सदस्य आय र लाभहरूमा सुधारको लागी नवीनता खोज गर्ने, समाज कल्याण सुविधा, रोजगार सृजना, गरिबका बच्चाहरू लाई वित्तीय सेवा, शिक्षाको सुविधा, महिलाहरू सहभागिता आदी उल्लेख गरेका छन्। लेखकले सहकारीहरू सँग अवस्थित चुनौतीहरूको बारेमा पनि धेरै जानकारी गराउनुभएकोछ । गरिबी घटाउन, गरिबी निवारण र कार्यान्वयनमा गरिबहरूको सहभागिता  नै सहकारीहरूको सफलताको लागी महत्त्वपूर्ण हुन्छ।

त्यस्तै गरी, केही नेपालमा भएका अध्ययनहरूले गरिबी निवारणमा सहकारीहरुको भूमिकाको मापन गरेका छन्। रिसाल (२०२१) ले प्रदेश ३ मा जनताको दिगो जीविकोपार्जनका लागि सहकारीहरूको भूमिकाको विश्लेषण गरेको छन्। विभिन्न स्तरका सहकारीहरूले क्षमता वृद्धि, सुशासन, र व्यापारिक गतिविधिहरूको प्रवर्द्धनमा सहकारीहरूको योगदान रहेको लेखक बताउँछन्। यो अध्ययन वर्णनात्मक मात्र छ । यसमा कसरी निष्कर्षहरू बारेमा पुग्ने भन्ने कुनै व्याख्या छैन। आफ्नो समीक्षा पत्रमा, भारद्वाज (२०१२) ले गरिबी चक्र भत्काउन, गुणस्तरीय सम्पत्ति रक्षा गर्न, संस्था प्रणालीमा पहुँच,  सुदृढीकरण र पूर्ण हस्तान्तरणको

लागी आवश्यकता भनी वर्णन गरेकाछन् । अनुभवजन्य अनुसन्धानको अभावमा, यो अध्ययनले सहकारीहरूको गरिबी सूचकाङ्क, आय स्तर र व्यय स्तर मा पार्ने प्रभावहरूको मापन गर्ने वैचारिक ढाँचा, रूपरेखा र विभिन्न जनसाङ्ख्यिक चरहरुको प्रस्ताव गरेकोछ।

### २.५ वैचारिक रूपरेखा




*चित्र १. अवधारणात्मक रूपरे*

# अध्याय ३

## अनुसन्धान पद्धति

यस अध्ययनमा वर्णनात्मक सर्वेक्षण अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ। तथ्याङ्क सङ्कलन र विश्लेषणका लागी संख्यात्मक र गुणात्मक दुवै विधिहरू प्रयोग गरिएको थियो। वर्णनात्मक सर्वेक्षणले व्यवहार, राय, क्षमता, विश्वास, वस्तु स्थिति, वा समूहको ज्ञान जस्ता विशेषताहरूलाई सही चित्रण गर्न उपयोगी हुने भएकाले यो विधिको प्रयोग गरिएको थियो। संख्यात्मक अनुसन्धान विधिको उपयोगले अनुसन्धानका तथ्याङ्कहरूमा संख्यात्मक प्रविधिको प्रयोग गरी विश्लेषण गर्न र गुणात्मक अनुसन्धान विधिहरूलाई सहभागीहरूको सामाजिक अभ्यासका बारेमा बुझ्न र जानकारी प्राप्त गर्नको लागी प्रयोग गरिएको थियो।

यो अध्ययन विशेसतय प्रविधिको माध्यमले विभिन्न स्रोतहरूबाट सङ्कलित प्राथमिक तथ्याङ्कमा निर्भर रहेको थियो। प्रदेश १ र प्रदेश २ बाट प्रश्नावली मार्फत कुल ६२७ उत्तरहरू प्राप्त भएका थिए। शोधकर्ताहरूले प्रदेश १ र २ का सहकारीहरूमा १६ सामान्य सदस्यहरू सँग गहिरो साक्षात्कार गरेका थिए। मुख्यतः सहकारीका सदस्यहरू, महासघंका सदस्यहरू, निर्देशकहरु कार्यकारी सदस्यहरु र सहकारीका अभियन्ताहरूका बिच लक्षित समूह छलफल गरिएको थियो। यसमा १८८ जना विभिन्न सहकारीहरूको प्रतिनिधित्व भएको थियो। यो अनुसन्धानसँग सम्बन्धित प्रश्नहरूमा आधारित भएर गरिएको थियो।

बहुआयामी गरिबी सूचकाङ्कको प्रयोग गरी प्रश्नावली तयार पारिएको थियो। बहुआयामी गरिबी सूचकाङ्कहरुमा शिक्षा, स्वामित्व, र वासस्थानलाई लिईएको थियो। यसै गरी गुणात्मक विश्लेषणका लागि समान, साधारण सदस्यहरू, बोर्ड सदस्यहरू, र गैर सदस्यहरूका लागी एक साक्षात्कार नियम

तयार गरिएको थियो (एनेक्स १ मा हेर्नुहोस्)। यी साक्षात्कारको लागी विषयहरूको सुची एनेक्स २ मा प्रस्तुत गरिएको छ। एनेक्स ३ मा, सहकारीहरूको अध्ययन स्थान प्रदर्शन गर्नको लागि स्थानिय नक्साहरु प्रस्तुत गरिएको छ। लक्षित समूह छलफल र गहन साक्षात्कार बन्दाबन्दीको कारण जूम भिडियो कलको माध्यम अनलाइन आयोजित गरिएको थियो। दुवै विधिहरू नेपाली भाषामा गरिएका थिए।

**तालिका १: जनसंख्या र नमूना**

| **प्रदेश** | **सहकारीहरुको संख्या** | **सदस्यहरुको संख्या** |
|---|---|---|
| प्रदेश १ | ४७३७ | ९३५७०० |
| प्रदेश २ | ४१५३ | ५५५१९७ |
| कुल | ८८९० | १४९०८९७ |

स्रोतः सहकारी विभाग

नमूना आकार (**n**)= N/(1+Ne^2) ...i)

जहाँ **e=**०.०४ त्रुटि स्तर

**N=** ८८९० / (१+८८९० ∗०.०५ ∗०.०५) = ३८३ = ३८३ सहकारी (झण्डै)

नमूना मापदण्ड = ३८२ ∗२ = ७६५

कुनै प्रतिक्रिया नदिने प्रावधान सहित = ७६५+५% को ७६५=८०४
=८०४ सहकारीहरु ।

यस अध्ययनमा क्लस्टर नमुना विधिको प्रयोग गरिएको थियो। प्रदेश १ र प्रदेश २ मा प्रत्येक जिल्लाको प्रतिनिधित्व आवश्यक भएकाले यस अध्ययनमा प्रत्येक जिल्लालाई समूहको रूपमा लिएको छ। जस कारण यस अध्ययनमा सबै जिल्लाहरू सामावेश भएका थियो।
गुणात्मक तथ्याङ्क विश्लेषणका लागी, अध्ययन लक्षित समुह छलफल र गहन साक्षात्कारको सङ्ख्या निर्णय गर्न तथ्याङ्क संतृप्तिको उपयोग गरिएको थियो। गुणात्मक अध्ययनको कुल

नमुना आकार २०४ थियो। त्यस्तै गरी, लक्षित समुह छलफल र गहन साक्षात्कारहरुलाई रेकर्ड गरिएको थियो। जानकारी दोहोरिन थाले पछि लक्षित समुह छलफल र गहन साक्षात्कार बन्द गरिएको थियो। यस बिच संख्यात्मक विश्लेषण लागि पठाइएको १२०० सर्वेक्षण प्रश्नावलीमा जम्मा ७५१ मात्र फिर्ता भएका थिए। यसैले यस अध्ययनमा कुल ७५१ +२०४ = ९५५ सहकारीहरु समेटिएका थिए।

**३.१ तथ्याङ्क विश्लेषण**

रेकर्ड गरिएको लक्षित समुह छलफल र गहन साक्षात्कारहरु पछिलाई बिषयनुसार छुट्ट्याईएको थियो। यसबाट प्राप्त विषयवस्तु विश्लेषण गर्नका लागी ATLAS नामको गुणात्मक तथ्याङ्क विश्लेषण सफ्टवेयर प्रयोग गरिएको थियो। बिषयनुसार छुट्ट्याईए तयार बुदाहरू अध्ययन गर्न संकेतहरू विकास र विषयगत विश्लेषण गरिएको थियो। सर्वेक्षण तथ्याङ्क सांख्यिकीय उपकरणहरुबाट वर्णनात्मक र अनुमानित तथ्याङ्कको उपयोग गरी विश्लेषण गरिएको थियो। यस अध्ययनमा एक्सेल र SPSS गुणात्मक तथ्याङ्क विश्लेषण गर्न प्रयोग गरिएको थियो।

# अध्याय ४

# परिणाम

## गुणात्मक बिश्लेषण


यस विश्लेषणको मुख्य उद्देश्य प्रदेश १ र २ मा सहकारीहरूको प्रमुख सरोकारवालाहरूको धारणा बुझ्नु हो। गरिबिको कारणहरू, विशेषताहरू, यसलाई घटाउन सहकारी योगदान बारेमा सरोकारवालाहरूको अनुभव सुनेर विश्लेषण गरिएको थियो। सहकारीको बाह्य र आन्तरिक चुनौतीहरू, विश्वासको स्तर, र भविष्यका लागि गरिएका सुझावहरूको पनि जानकारी प्राप्त गरिएको थियो। लक्षित समुह छलफल मार्फत प्रदेश १ र प्रदेश २ का विविध सरोकारवालाहरूको धारणा लिइएको थियो। माथि उल्लेखित प्रत्येक विषयमा गुणात्मक तथ्याङ्क विश्लेषण गरि तल प्रस्तुत गरिएको छ।

### ४.१ लक्षित समुह छलफलको निष्कर्ष

#### गरिबी

यस अध्ययनका सहभागीहरूले गरिबिका विभिन्न कारणहरू उपर छलफल र धारणा व्यक्त गरेका थिए। यसको निष्कर्षहरूले गरिबिको बहुआयामी प्रकृतिलाई पुष्टि गरेको थियो ।

#### गरिबीको कारण





*चित्र २. गरिबीको कारणहरु*

सहभागीहरूले गरिबीका विभिन्न कारणका बारेमा छलफल गरेका थिए। उनीहरू शिक्षाको कमी, सीपको कमी, र वित्तमा पहुँचको कमी हुनुलाई गरिबीको कारण बताएका थिए । वस्तु उपभोग, जागरूकताको अभाव, दाइजो प्रथा, परिस्थिति, संरचनात्मक गरिबी र सामाजिक, सांस्कृतिक पिछडिइनु मुख्यतः प्रदेशहरूका गरिबिका कारण रहेको कुरा उनीहरूले व्यक्त गरेका थिए। त्यस्तै गरी, उनीहरूमा शिक्षाको कमी, सीपको कमी, र वित्तमा पहुँच नभएकोले गरिब रहेको कुरा पनि उनीहरूले राखेका थिए।

**गरीबीका विशेषताहरु**

सहभागीहरूले गरिबीका विभिन्न आयामहरू बारेमा आफ्नो बिचार व्यक्त गरेका थिए। जस्तै, जब कोही आधारभूत आवश्यकताहरू प्रदान गर्न असमर्थ भयो भने उ गरिब हुने कुरा उनीहरूले गरेका थिए। त्यस्तै गरी, गरिबीका अन्य कारकहरूमा, गरिब मानिसहरूले दैनिक खर्चहरू पूरागर्न गगगर्न नसक्ने, स्वास्थ्य हेरचाह गर्न नसक्ने, शिक्षा र पुँजीमा पहुँच नहुने बारेमा उत्तरदाताहरूले चर्चा गरेका थिए। यसबाहेक, गरीबहरु उपभोगमा केन्द्रित हुन्छन्। गैर कानुनी रूपमा निर्जन स्थानहरूमा

बस्छन्, अन्त्येष्टि गर्न सक्दैनन्, र  सधै गरिबीको रेखामा रहन्छन्। गरिबहरू आवाजविहीन रहेको कुरा पनि उनीहरूले भनेका थिए। सहभागीहरूको धारणामा गरिबीलाई बुझ्न उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, र कानुनी पक्षलाई पनि अध्ययन गर्नु पर्ने बताएका थिए। गरिबीले अस्तित्वमा समस्या मात्र होइन जीवनका अन्य आयामहरू पनि अवरोध ल्याउँदछ।




*चित्र ३. गरीबीका विशेषताहरु*

यस अध्ययनको छलफलमा उत्तरदाताहरुले भने:

"मधेसी समुदाय परम्परागत सांस्कृतिक र दाईजो प्रथा मै अल्झिएकोछ।"

"बचतको ज्ञान छैन।"

"मानिसहरुलाई कसरी पैसाको उपयोग गर्ने पनि थाहा छैन।"

"कम आय भएकाहरुले आफ्ना बच्चाहरुलाई शिक्षा संगै आधारभूत आवश्यकताहरु पुरा गर्न सक्दैनन्।"

**सहकारी र गरिबी निवारण**

हाम्रो मुख्य अनुसन्धान प्रश्न गरिबी न्यूनीकरणमा सहकारीको प्रभाव को मापन गर्नु थियो।

तसर्थ, हामीले सरोकारवालाहरू बिच गरिबी घटाउन सहकारीको भूमिका बारेमा उनीहरू सगं छलफल गरिएको थियो। सहकारीहरुले गरिबीका विभिन्न आयामहरूमा ठोस भूमिका खेल्छन्। सहकारीले सदस्यहरूको जीवनस्तर उकास्न सहयोगी अवधारणाको रुपमा काम गर्दछ भन्ने निष्कर्ष निकालिएको थियो।

उत्तरदाताहरूले समुदायका सदस्यहरूले समन्वय गरेर एउटा सानो कोष बनाउने सकेमा सबैलाई सजिलो हुने कुरा बताएका थिए। सहकारीहरूले बहु आयामिक ढङ्गले समुदायलाई पार्ने प्रभाब बारे जानकारी गराएका थिए। सहकारीहरूले ऋण प्रदान गरेका, रोजगारीको अवसर प्रदान गरेका, लगानीको ज्ञान, गरिबहरूको लागि वित्तमा पहुँच, र यस्तै अन्य धेरै कुरामा सहयोग गरेको बताएका थिए। माथिका कुराहरुका निष्कर्षहरूको आधार, सहकारीहरूको प्रभाव मानव जीवनका सबै पक्षहरूमा रहेको मान्न सकिन्छ। सहकारीले समग्र समुदायको जीवनस्तर उकास्न वित्तीय आवश्यकतामा मात्र नभई जनतालाई गरिबीको रेखामाथि समेट्ने र समग्र आयामहरूमा ध्यान केन्द्रित गरी महत्वपुर्ण भूमिका खेलेको पाईन्छ।

उत्तरदाताहरूका अनुसारः

*"सहकारीको मुख्य काम गरिबी घटाउनु मात्र होइन, यसले विभिन्न आर्थिक अवस्थाका मानिसहरु बिच साझा लक्ष्यका निम्ति मिलेर काम गर्नु पनि हो।"*


*"बैंकले गरिबलाई चिन्दैन, तर सहकारीले चिन्छ।"*

*"सहकारीले आफ्ना सदस्यहरुलाई प्रशिक्षण र साथ दिने गर्दछ।"*

*"धनकुटा क्षेत्रमा व्यावसायिक खेती बढेको छ।"*


*"सहकारीले दैनिक मजदुरलाई पनि आफ्नो व्यवसाय सुरु गर्न प्रोत्साहित गरेको छ। उनीहरुले फिर्ता तिर्न नसक्नेहरुलाई पनि सहुलियत प्रदान गर्छन्।"*

***चित्र ४. गरिबी निवारणमा सहकारीको योगदान***




**सहकारीका बाह्य चुनौतिहरु**

सहकारीको प्रभाव सरोकारवालाहरूको धारणाबाट प्रस्ट देख्न सकिन्छ। प्रदेश १ र २ का सहकारीहरूले विभिन्न बाहिरी चुनौतीहरूको सामना गरिरहेका थिए। सहभागीहरुले उठाएका चुनौतिहरु मध्ये सहकारीको भूमिका बृद्धिमा गर्न, प्रदेश सरकारको साथ, सहयोग र समर्थन चाहिन्छ भन्ने थियो।




*चित्र ५. सहकारीका बाह्य चुनौतिहरु*

प्रदेश २ मा कुनै पनि सहकारी प्रादेशिक नियम नरहेको सहभागीहरूले बताएका थिए। त्यस्तै गरी, कमजोर सहकारी प्रशासन र सरकारीको कमजोर नियमनले सहकारीलाई बृहत् स्तरमा काम गर्न गाह्रो बनाएको थियो। अधिकांश ग्रामीण र सहरी क्षेत्रहरूमा सहकारी शिक्षाको अभाव रहेको थियो। त्यहाँ केही गलत घटनाहरूको कारण सहकारीको बारेमा गलत आमधारणाहरु रहेका थिए। त्यस्तै, धितो बिना ऋण दिने लघुवित्तको दृष्टिकोणले पनि सहकारी सदस्यताका लागि अवरोध पैदा गरेको थियो। क्षेत्र विस्तारमा (स्कुल वा अस्पताल खोल्नमा प्रतिबन्ध) प्रतिबन्ध पनि सहकारीको क्षेत्र विकासको लागि चुनौती भएको छ। स्थानीय सरकारले पनि सहकारीहरूसँग

विकासका लागि साझेदारी गरेको पाइँदैन। किसानहरूलाई बजार सँग जोड्ने, भण्डारण उचित व्यवस्था गर्ने, कृषि औजारहरूको उपलब्धता गराउने, यहाँ सम्म कि खाद्यान्न उपलब्धता गराउन पनि सरकारीहरुले सहयोग नपाउने अवस्था रहेको छ। नीति कार्यान्वयनमा अनुगमन नहुनाले पनि सहकारीको लागि चुनौती खडा गरेको थियो।

उत्तरदाताहरुले भने:

"सरकारले सहकारीहरुलाई सौतेनी बच्चाको रुपमा व्यवहार गर्दछ, यद्यपि उनीहरु यसलाई तेस्रो स्तम्भ हो पनि भन्छन्।"

"सहकारीका समस्यामा अनुसन्धान गर्नु भन्दा पनि गरिबी निवारणका गतिविधि गर्नु बढी सान्दर्भिक हुन्छ।"

"सहकारी शिक्षाको धेरै नै कमी छ। भविष्यमा मेरा छोरा छोरीहरु सहकारी अभियानको हिस्सा बन्ने छैनन्।"

"ग्रामीण र शहरमा बचत तथा ऋण सहकारीहरुको फरक तरिकाले नियमन गरिनु पर्छ। गाऊमा धेरै बचत तथा ऋण सहकारीहरू कठिन संघर्ष गरीरहेछन्।"


"पहाडी क्षेत्रका सहकारीहरु कडा पर्यवेक्षण र नियमन स्वीकार गर्नका लागि तयार छन् तर हामीहरुलाई सल्लाह र निर्देशित मात्र दिइन्छ। हाम्रो ज्ञान धेरै सीमित छ र हामीलाई उचित मार्गदर्शन चाहिन्छ।"

"एक बलियो सूचना प्रणाली र उचित प्रशिक्षण आवश्यक छ।" सरकार र निर्णयकर्ताहरुलाई सहकारी अभियानको बारेमा सचेत गराउनुपर्छ। उनीहरुले यसको विकासको संरक्षकत्व लिनु पर्दछ।

**सहकारीका आन्तरिक चुनौतिहरु**

त्यसै गरी, सहभागीहरुले सहकारीहरुका आन्तरिक चुनौतिहरुलाई काममा अवरोध गर्ने कारकको तत्वको रुपमा लिएकाथिए। उनीहरुले पहिचान गरेका केही आन्तरिक चुनौतिहरुमा उच्च संचालन लागत, रणनीतिको अभाव, मानव संसाधन, आन्तरिक अनुगमन र नियमन, खराब कर्जा व्यवस्थापन, कमजोर जोखिम व्यवस्थापनहरु हुन्। अन्य मुद्दाहरुमा १) एक अर्का संग प्रतिस्पर्धा गर्ने, २) एकै स्थानमा केन्द्रित सहकारीहरुको उच्च संख्या हुनु ३) धेरै सहकारीहरु मुख्यतः बचत तथा ऋणमा केन्द्रित हुनु र धेरै सहकारीहरुले काम नै नगर्नु जस्ता थिए। धेरै सहकारीहरुले सहकारीको मुख्य उद्देश्य बहुआयामी तरीकाबाट सदस्यहरुको जीवन स्तर माथि उठाउने कार्यलाई पूरा गरीरहेका थिएनन्।

*चित्र ६. सहकारीका आन्तरिक चुनौतिहरु*




उत्तरदाताहरूका अनुसार:

"धेरै संरचनात्मक बाधाहरु अवस्थित छन्। हाम्रो सम्पूर्ण भोजपुर जिल्लामा लेखा परीक्षक छैनन र हामीसंग दक्ष जनशक्ति पनि छैन।"

"खोटाङ, ओखलढुङगा र सोलुखुम्बु जिल्लामा एउटै पनि लेखापरीक्षक छैनन्।"

"सहकारीहरुलाई ऋण नतिर्नेहरुलाई सार्वजनिक रुपमा कालोसूचीमा राख्नु पर्छ।"


"सहकारीका संस्थापक सदस्यहरु राजनीति वा अन्य व्यवसायमा संलग्न छन्, उनीहरु कहिले पनि सहकारीको सुधार गर्न ईमान्दार प्रयास गर्दैनन्।"

"सहकारीलाई स्कूल, अस्पताल, र साझा क्षेत्रहरु लाई खोल्न अनुमति दिनु पर्दछ, किनभने निजी क्षेत्रहरुले मात्र यी सुबिधा प्रदान गर्न सक्दैन।"

**विश्वासको स्तर**

सहकारीहरुले पछिल्ला दिनहरुमा जनताको बिश्वास जितेको देखीएको कुरा सहभागीहरुले व्यक्त गरेका थिए। यस प्रति जनताको विश्वास स्तर बढ्नुको कारण सुरक्षित लगानीको आश्वासन, देशमा युद्ध हुदाँपनि काम गर्नु, ब्याजमा छुट हुनु नै हो। साथै यसमा शिक्षा विकास कोष, दलितहरु निर्देशित कार्यक्रम, सद्भावना बृद्धि, र सहयोगको प्रावधानहरु पनि समेटिएका छन्।

सहकारीले व्यवसायहरुको क्षमता बृद्धिका लागि विशिष्ट प्रशिक्षण दिइरहेका थिए। उनीहरुले निश्चित आय भएका परिवारहरु र उच्च निक्षेप अनुपात भएका बिच उचित विश्वासस्तर कायम राखेका छन्।





*चित्र ७. सहकारी प्रतिको विश्वासका कारण*

उत्तरदाताहरुले भने:

"सबैभन्दा महत्त्वपूर्ण कुरा बिश्वास हो, यदि विश्वास सुनिश्चित गर्न सकिन्छ भने मात्र सहकारीले गरिबीलाई बदल्न सक्दछ"।

"सहकारीहरुले सदस्यको आवश्यकतामा ध्यान दिएर गरीबी स्तर सुधार गर्ने रणनीतिहरु प्रदान गरेकोछ।"

**भविष्यका लागि सुझाव**




*चित्र ८. लक्षित समुह छलफलबाट भविष्यका लागि गरिएका सुझावहरु*

सहभागीहरु बिच सहकारीहरुले कसरी आफ्ना सदस्यहरुको जीवनस्तर उकास्न भुमिका खेल्न सक्छन् भन्ने बारेमा पनि छलफल भएको थियो। उनीहरुले सहकारीहरुले गरीबहरुलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गर्ने, दुबै प्रदेशमा सहकारी साक्षरता बढाउने, गुणस्तरीय नियन्त्रण संयन्त्र, समावेशी व्यवस्थापन टोली, सदस्यहरुको क्षमता, कुटीर उद्योग र उत्पादनलाई बढावा दिन सुझाव दिएका थिए।


उत्तरदाताहरुले भने:

"सहकारीहरुका धेरै सदस्यहरुको व्यवस्थापन गर्नका लागी मर्जर तिर जानु पर्छ।"

## ४.२ गहन साक्षात्कारको निष्कर्षहरु

**गरिबीको कारण**

साक्षात्कारकर्ताका अनुसार गरिबीको मूल कारण सामाजिक र सांस्कृतिक परम्परा, जनतामा आर्थिक अभाव, शिक्षा र सीपको कमी हो। मानिसहरूमा आफ्नो साधनको अनावश्यक प्रयोग, निःशुल्क उपभोग, र विलासिता साधनहरूको अधिक उपभोग जस्ता प्रवृत्तिले यो स्थितिलाई अझ बढी गम्भीर बनाएको छ।




*चित्र ९. गहिरो साक्षात्कार अनुसार गरीबीका कारणहरु*


उत्तरदाताहरूले भन्नुभयो:

"तराईमा मुख्य समस्या भनेको  दहेज प्रथा हो यसले मानिसहरूलाई झन झन गरिब बनाउँदैछ।"

"यस क्षेत्रका गरिब मानिसहरू अझै पनि सहकारी सेवाको उपयोग गर्दैनन किनकि उनीहरूमा बचत गर्ने बानी नै छैन।"

**विश्वासको स्तर**

बैङ्कहरू धनीहरू बिच मात्र सीमित छन्। गरिब वर्ग सम्म पुग्न सकेका छैनन् भन्ने धारणा रहेको पाईयो । विभिन्न समस्याहरुका कारण मानिसहरूमा बैङ्क प्रति उति भरोसा देखिएन। फलस्वरूप, मानिसहरूको सहकारी तिर अधिक आकर्षण बढेको देखिन्छ। सहकारीहरूले गरिबहरूको लागी वित्तमा सहज पहुँच प्रदान गर्दछन्। सदस्यहरूलाई कठिनाइको समय, जस्तै अन्त्येष्टि, छोराछोरीको विवाह, बिरामी, र कोभिड को समयमा मद्दत गरेको छन्। यसले सहकारीमा सहयोग सद्भावना बढ्नुका साथै विश्वासको स्तर पनि बढेको पाईन्छ।





*चित्र १०. गहन साक्षात्कार अनुसार विश्वास कारकहरु*

उत्तरदाताहरूका अनुसार:

> "सहकारीले मलाई मेरो सिलाई व्यवसाय खोल्न पैसा जुटाउन मद्दत गर्‍यो । मैले प्रशिक्षण र रु १ लाख रकम पनि पाएँ।"
>
> "सहकारी बैंक भन्दा फरक छ (तपाईँ बैङ्कमा पनि बचत गर्न सक्नुहुन्छ), तर जब तपाईँ सहकारीमा पैसा राख्नुहुन्छ, तपाईँ स्थानीयहरूलाई सहयोग गर्नुहुन्छ, तर फाईदा पनि बोनस पनि तपाईँ नै हो। बैङ्क र सहकारी दुबैमा उत्तिकै जोखिम रहेकोछ। तर सहकारीले तपाईँको पैसा स्थानीयतहमा नै खर्च गर्छ। यसको सवै फाईदाहरु यहाँ कै सदस्यहरूको लागि हो। "

"म एउटा सहकारीमा कर्मचारी थिएँ जसको सबै रकमसँगै गायब भयो। त्यस्तो घटनाको कारणले जनताको बिच सहकारीहरू प्रतिको विश्वासको स्तर कम भएकोछ।"

**गरिबी घटाउन सहकारीहरुको योगदान**




*चित्र ११. गहिरो साक्षात्कार अनुसार गरिबी घटाउन सहकारीहरुको भुमिका*

यसका गतिविधिहरूले किसानहरू, उद्यमीहरू, र सामाजिक उद्यमहरूको सम्पत्ति र सामाजिक रूपान्तरणमा मद्दत गरेकोछ। यसबाहेक, सहकारीले समुदायमा रोजगारी बढाउनका साथै सामाजिक रूपमा पिछडिएको समूहलाई आत्मनिर्भर बन्न मद्दत गरेको छ। सहकारीले बच्चाहरूको शिक्षा

स्तर सुधारमा देखिएको योगदानले भविष्यको नेतृत्वमा राम्रो परिवर्तनको लागी हुने आधार बनाएको छ।

सहकारीले विभिन्न सेवाहरू र गतिविधिहरूको माध्यमबाट, आफ्नो सदस्यहरूको जीवन परिवर्तन गर्न सफल भएको छ। सहकारीमा संलग्नताले महिला सशक्तीकरण र वित्तीय स्वतन्त्रता प्रदान गरेको छ। किसानहरू, उद्यमीहरू र सामाजिक उद्यमहरूमा यसको गतिविधिहरू सम्पत्ति र सामाजिक रूपान्तरण सिर्जना गर्न मद्दत गरेको छ। यसबाहेक, सहकारीले समुदायमा रोजगारी बढाएको र सामाजिक रूपमा पिछडिएको समूहलाई आत्मनिर्भर बन्न मद्दत गरेको छ। बच्चाहरूको शिक्षाको स्तरमा सुधार गरी सहकारीले समाजको सुनौलो भविष्यमा परिवर्तनको लागी नेतृत्वदाही भूमिका खेलेको छ।

उत्तरदाताहरूले व्यक्त गरे अनुसारः

"सहकारीको कारणले नै म गरिबीबाट बाहिर आउन र सम्मानजनक जीवन बिताउन सक्षम भएँ।"

"जब म झापामा सहकारीहरू को समग्र गतिबिधिहरु देख्छु, मलाई लाग्छ महिलाहरूको जीवन स्तर र जीवनको गुणस्तरमा वृद्धि भएको छ।"

"सरकार, पालिकाहरू र सबै सरोकारवालाहरूले हातमा हात मिलाएर गए मात्र सहकारीहरूको गरिबी निवारणमा भूमिका हुन्छ। सहकारीले कसैलाई जग्गा वा घर दिन सक्दैन। सहकारीले आर्थिक स्रोत दिन सक्छ। सहकारीले व्यावसाय गर्न र संसाधनहरूको निर्माणमा सहयोग र स्रोत दिन सक्छ। "

### सहकारीका आन्तरिक चुनौतिहरु

सबै सकारात्मकताका बाबजुद पनि सहकारीहरूले आफ्नो महान् लक्ष्यहरूको विरुद्धको लडाईमा धेरै आन्तरिक चुनौतिहरुको सामना गरिरहेकाछन्। सवैभन्दा प्रमुख चुनौतीको कारण


सहकारीको ज्ञान र चेतनाको कमी हुन नै हो। यसमा केही व्यत्तिहरुले अनुचित कार्यहरूमा केही राजनीतिक रूपबाट शक्तिशाली व्यक्तिहरूको प्रयोग गरी सदस्यबाट पैसा उठाउने लक्ष्य राखी नाम मात्रको सहकारी स्थापित गरेको पनि पाइन्छ। यस्ता सहकारीहरू लक्ष्यबाट सञ्चालित हुदैनन्। यिनीहरूमा नातावाद र पारिवारिकता व्याप्त पाइन्छ। यसबाहेक, यिनीहरू छिटो धनी हुने योजनाका वाहनामा ठगी गरिरहेका पनि छन्। परिणामत सहकारी सबैभन्दा गरिबसगं पुग्न सकेको छैन। यसको सट्टामा, उनीहरू तल्लो-मध्यम वर्गको मेहनतबाट कमाएको बचत ठगी गरिरहेका छन। यसको परिणाम आज समाजको एक सामान्य वर्गहरुको बिच सहयोगमा शङ्काको गलत धारणा विकास भएको छ।

उचित आन्तरिक नियमन र प्रशासन नभएको कारण सहकारीहरूमा यस्ता अनैतिक गतिविधिहरूको सङ्ख्या बढ्दो छ। यस कारण, राम्रो सहकारीहरू पनि आफ्नो छविहरूलाई सुधार गर्नमा चुनौतीहरूको सामना गरी रहेका छन्। ऋण प्राप्त गर्नको लागी एक जना व्यात्ति धेरै सहकारीमा सदस्य बन्ने र नराम्रो ऋण थुप्रो हुनु यसको परिणाम हो। यसले सामान्यतया सबै सहकारीको कामकाजलाई प्रभावित पारेको छ।

उत्तरदाताहरूले भने:

"२० वर्षमा सोचहरू बदलिएका छन्, महिलाहरूको जीवन पहिले भन्दा धेरै सहज छ। महिलाहरूका अनुकूल नीतिहरू बनाइएका छन् तर कार्यान्वयनमा छैनन्। त्यसैले महिलाहरूले आफ्नो जिम्मेवारी सुनिश्चित गरि लिनुपर्दछ।"


"केही सहकारीहरूको व्यवस्थापन समिति परिवारका सदस्यहरूले भरिएर यो व्यक्तिगत सम्पत्ति बनेको छ।"




*चित्र १२. गहन साक्षात्कार अनुसार सहकारीका आन्तरिक चुनौतिहरु*

**सहकारीका बाह्य चुनौतिहरु**

यसको आन्तरिक व्यवस्थापनमा भएका कमजोरीहरुका कारण सहकारी प्रति गलत धारणा फैलिएकोछ। बाह्य कारकहरू जस्तै स्थानीय सरकारको उदासीनता र उचित सरकारी नियमनको कमी हुन। यसबाहेक, सहकारी शिक्षामा कमीको कारण, मानिसहरू सहकारी के हो र यसले कसरी योगदान गर्दछ भन्ने बारेमा पनि सचेत छैनन्। यो स्थितिमा लघुवित्तले ग्यारेन्टीको आधारमा तत्काल ऋण प्रदान गरी अझ बिग्रिएको छ। यदि रकम समयमा फिर्ता तिर्न नसकेको लघुवित्तले जनताको जीवन कठिन बनाउँछ। तैपनि केही गलत धारणाहरू हुदाँहुदै पनि धेरै मानिसहरू सामान्यतया सहकारीहरूलाई लघुवित्तसँग तुलना गर्दछन्।




*चित्र १३. गहिरो साक्षात्कार अनुसार सहकारीका बाह्य चुनौतिहरु*


उत्तरदाताहरूले भने:

"सरकारी अधिकारीहरु र स्थानीय निकायहरु सहकारीलाई बुझ्दैनन्।"

"यदि सहकारी व्यवस्थापनले वित्तीय अनुशासन पछ्याउँछ, भने यसको प्रभावकारिता सुधार हुनेछ।"

**भविष्यका लागि सुझावहरू**

सरकार र सहकारीहरूले विभिन्न सहकारी साक्षरताका कार्यक्रमहरू मार्फत सहकारी शिक्षा बढाउनमा केन्द्रित हुनुपर्छ भनी केही सदस्यहरूले सुझावहरू दिएका थिए। त्यस्तै गरी, ठगी मुद्दाहरूबाट बच्नको लागी नियमन आवश्यक छ। सहकारीले यसको सेवा ग्रामीण क्षेत्रहरूका गरिबीको रेखामा रहेका मानिसहरूमा केन्द्रित गर्नुपर्छ। यस्तै, सरकारले भुक्तानी हस्तान्तरण सहकारी मार्फत नै प्रदान गर्नुपर्छ।




*चित्र १४. गहन साक्षात्कार अनुसार भविष्य लागि गरिएका सुझावहरु*

उत्तरदाताहरूले भने:

"सहकारीलाई गरिब सम्म पुग्नको लागि आम मानिसहरूलाई सहकारी अभियान वास्तवमा के हो भनेर सिकाउनु जरुरी छ। "

"धेरै सहकारीको राम्रो व्यवस्थापन छैन र यिनीहरू सहकारीको उद्देश्यहरूको अनुसरण पनि गर्दैनन्।"

"सरकारले सहकारीका सदस्यहरूलाई तालिम प्रदान गर्न सहकारीसँग साझेदारी बनाउनु पर्छ जसले जनतालाई उन्नति गर्न र नयाँ उद्यमी अवसरहरू सिर्जना गर्न सहज होस।"

**संख्यात्मक विश्लेषण**

**४.१ सहकारी सदस्यहरुको जनसांख्यिकीय विशेषताहरु**

तालिका २ अनुसार अधिकांश उत्तरदाताहरू मध्ये (५८.१%) पुरुष र ४१.१% महिलाहरू रहेका थिए। उत्तरदाताहरूको बहुमतमा (४५.४%) ४० देखि ६० को उमेर समूहका, यस्तै ४१.८ प्रतिशत २० देखि ४० उमेर समूहका, ७.९७% ६० देखि ८० वर्ष र ८० माथिका उमेर समूहका ०.४% थिए। उमेर समूहको तथ्याङ्कले अध्ययनमा सहकारीका अधिकांश सदस्यहरू मध्य युवा उमेरका भएको कुरा अध्ययनले सङ्केत गर्दछ।

उत्तरदाताहरू मध्ये अधिकांश (२८.३%) ले स्कुल स्तरको शिक्षा पाएका थिए, २५.२ प्रतिशतले साक्षर, १९.८ प्रतिशतले प्रमाणपत्र तह स्तरको शिक्षा पाएका थिए, त्यसपछि क्रमशः १९.५ र २.६ प्रतिशतले स्नातक तह स्तर र स्नात्तोकोतर तह स्तर शिक्षा हासिल गरेका थिए। यो नतिजाले सहकारी धेरै सदस्यहरूले उच्च शिक्षा प्राप्त गरेका थिएनन्। उच्च शिक्षाले सहकारीहरूको रणनीति बुझ्न, अनुगमन र मूल्याङ्कन गर्नमा सहयोग गर्दछ।

उत्तरदाताहरू मध्ये ४.९ प्रतिशत उत्तरदाताहरू निरक्षर थिए। उत्तरदाताहरूमा ब्राह्मण/क्षेत्री (४४.५%), जनजाति (३२.९%), दलित (६.६%), र धार्मिक अल्पसङ्ख्यक (२.६ %) गरी विभिन्न समुहहरूका थिए। सहकारीका अधिकांश सदस्यहरू ब्राह्मण/क्षेत्री समूहका थिए। ६७.९ प्रतिशत उत्तरदाताहरू सहकारीका सेयर धनी सदस्यहरू थिए भने १४.२ प्रतिशत कार्य समितिका सदस्यहरू थिए। त्यहाँ केहि तथ्याङ्कले यसबारे जानकारी दिएका थिएनन्।

**तालिका २. सहकारी सदस्यहरुको जनसांख्यिकीय विशेषताहरु (नं. = ७५१)**

| विबरण | आवृत्ति | % |
|---|---|---|
| लिङ्ग | | |
| महिला | ४३३ | ५८.१ |
| पुरुष | ३०६ | ४१.१ |
| अन्य | ६ | ०.८ |
| जानकारीमा नरहेको | ८ | १.१ |
| उमेर | | |
| २० भन्दा तल | ५ | ०.६६ |
| २०-४० | ३१५ | ४१.८३ |
| ४०-६० | ३४२ | ४५.४२ |
| ६०-८० | ६० | ७.९७ |
| >८० | ३ | ०.४ |
| जानकारीमा नरहेको | २८ | ३.७२ |
| शिक्षा | | |
| निरक्षर | ३७ | ४.९१ |
| साक्षर | १९० | २५.२३ |
| एसएलसी/एसईई | २१३ | २८.२९ |
| प्रमाणपत्र तह | १४९ | १९.७९ |
| स्नातक तह | १४७ | १९.५२ |
| स्नात्तोकोतर तह र भन्दा माथिको | १७ | २.६ |
| जातीयता | | |
| ब्राह्मण/क्षेत्री | ३३५ | ४४.४८ |
| दलित | ५० | ६.६ |
| जनजाति | २४८ | ३२.९३ |
| धार्मिक अल्पसंख्यक | २० | २.६ |
| जानकारीमा नरहेको | १०० | १३.२८ |
| पेशा | | |
| कृषि | २८५ | ३७.८ |

| | | |
|---|---|---|
| उद्योग/व्यावसाय | २२० | २९.२ |
| घरायसी काम | ६९ | ९.२ |
| अन्य | १४० | १८.६ |
| जानकारीमा नरहेको | ३९ | ५.१८ |
| सहकारीमा भूमिका | | |
| शेयरहोल्डर सदस्य | ५११ | ६७.९ |
| कार्यसमिति सदस्य | १०७ | १४. २ |
| लेखापरीक्षण समिति | ११ | १.५ |
| अन्य | १६ | २.१ |
| जानकारीमा नरहेको | १०४ | १३. ८१ |

## ४.२ प्रदेश अनुसार लैङगिक वितरण

**तालिका ३. प्रदेश अनुसार लैङगिक वितरण**

| | | पुरुष | महिला | अन्य | जानकारी नभएको | कुल |
|---|---|---|---|---|---|---|
| प्रदेश | प्र. १ | १८० | २६८ | ५ | ५ | ४५८ |
| | प्र. २ | १२६ | १६५ | १ | ३ | २९५ |
| कुल | | ३०६ | ४३३ | ६ | ८ | ७५३ |

नोटः प्र. १: प्रदेश १, प्र. २: प्रदेश २

७५३ प्रतिक्रियाहरू मध्ये ४५८ जना प्रदेश १ का थिए, जबकि २९५ जना प्रदेश २ बाट थिए। ५४८ मध्ये १८० पुरुष र १६८ महिला थिए। त्यस्तै गरी, २९५ मध्ये १२६ पुरुष र १६५ महिला थिए। अधिकांश उत्तरदाताहरू मुख्यतः महिला थिए। हामीले प्रदेश १ बाट सबैभन्दा धेरै प्रतिक्रियाहरू प्राप्त गरेका थियौं।

## ४.३ प्रदेश अनुसार उमेर वितरण


**तालिका ४. प्रदेश अनुसार उमेर वितरण**

| | | २०भन्दा कम | २०-४० | ४०-६० | ६०-८० | ८० माथि | छुटेका | कुल |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | प्र. १ | २ | १५६ | २२६ | ५२ | ३ | १९ | ४५७ |
| | प्र. २ | ३ | १५९ | ११६ | ८ | | ९ | २९३ |
| कुल | | ५ | ३१५ | ३४२ | ६० | ३ | २८ | ७५३ |

प्रदेश १ मा प्राप्त प्रमुख प्रतिक्रियाहरूमा ४०-६० बाट, **क्रमसः** २०-४० र ६०-८० उमेर समूहबाट आएका थिए। प्रदेश २ मा, प्रमुख प्रतिक्रियाहरू २०-४० उमेर समूह, र **क्रमसः** ४०-६० उमेर समूह र सबैभन्दा कम प्रतिक्रियाहरू ६०-८० उमेर समूहबाट प्राप्त भएका थिए। त्यहाँ केही उत्तरदाताहरूको उमेर समूहमा प्रतिक्रियाहरू दिएन। हाम्रा उत्तरदाताहरू मुख्यतया युवाहरू र मध्यम उमेरका सहकारी सदस्यहरू थिए।

## ४.४ विभिन्न सहकारीहरुका सदस्यहरुको विबरण

*चित्र १५. विभिन्न सहकारीहरुका सदस्यहरुको विबरण*



लगभग ५० प्रतिशत उत्तरदाता बचत तथा ऋण सहकारीमा सदस्य थिए। त्यसपछि २२ प्रतिशत कृषि सहकारीमा, १८ प्रतिशत बहुउद्देश्यीय सहकारीमा, ३ प्रतिशत दुग्ध सहकारी तथा उपभोक्ता सहकारीमा संलग्न थिए। हाम्रा अधिकांश उत्तरदाता बचत तथा ऋण सहकारीहरूबाट थिए।


## ४.५ सहकारी अभियानमा प्रवेशको लक्ष्य

**तालिका ५. प्रदेश अनुसार सहकारी प्रवेशको लक्ष्य**

| लक्ष्य | बचत | ऋण | पारस्परिक सामाजिकता | सशक्तिकरण | आर्थिक सुधार | व्यावसाय व्यवस्थापन कौशल | मल | केहि पनि थाह छेन |
|---|---|---|---|---|---|---|---|---|
| **प्रदेश १** | ९४.४% | ७७.४% | ६३% | ५८ .९% | ६५ .९% | ३४ .१% | २९ .६% | .९% |
| **प्रदेश २** | ८८.८% | ७५.९% | ५३.६% | ६० .८% | ६२ .६% | ३९ .९% | ४१ .४% | २ .५% |
| **कुल** | ९२.२% | ७६.८% | ५९.४% | ५९ .६% | ६४ .६% | ३६ .३% | ३४ .१% | १ .५% |

यस अध्ययनले उत्तरदाताहरु सहकारीको सदस्य बन्नुको प्रमुख कारण दुबै प्रदेशमा (प्र. १- ९९.४%, प्र. २- ८८.८%) बचत गर्नु त्यसपछि ऋण लिन (प्र. १- ७७.४%, प्र. २- ७५.९%) भन्ने तथ्य पत्ता लगायो।

चित्र १६. प्रदेश अनुसार सहकारी प्रवेशको लक्ष्य




बचत तथा ऋण पछि, प्रदेश १ मा आपसी सामाजिकता (६३%) र प्रदेश २ मा सशक्तिकरण (६०.८%) सहकारी अभियानमा भाग लिने मुख्य कारण थियो। त्यसैगरी, सशक्तिकरण (५८.९%) प्रदेश १ को लागी र आपसी सामाजिकता (५३.६%) प्रदेश २ को लागी रहेको थियो।

दुबै प्रदेशहरुको लागी, ब्यबसाय ब्यबस्थापन कौशल कारण थियो (**PI-** ३४.१% र प्र. २- ३९.%) रहेको थियो। त्यस्तै गरी, सदस्यहरु मल लिन (**PI-** २९.६%, प्र. २- ४१.४%) को लागी सहकारीमा सामेल भएका थिए जुन प्रदेश २ को ब्यबसाय व्यवस्थापन कौशल भन्दा धेरै थियो। त्यस्तै गरी, प्रदेश १ मा ०.९ प्रतिशत र प्रदेश २ मा २.५ प्रतिशतलाई सहकारीमा आबद्ध हुनुको कारण थाहा थिएन। सहकारी अभियान अझै सदस्यहरुलाई सहकारीको फाईदाका बारेमा सचेत गराउनु आवश्यक छ।


## ४.६ सदस्यताहरुको वितरण

**तालिका ६. सदस्यता वितरण**

| सदस्यता | एकल | बहु |
|---|---|---|
| प्रदेश १ | ७० .६८% | २९ .३२% |
| प्रदेश २ | ७६ .११% | २३ .८९% |
| कुल | ७२ .८०% | २७ .२०% |

दुबै प्रदेशका अधिकांश उत्तरदाताहरु एउटा मात्र सहकारी (प्र. १- ७० .६८%, प्र. २- ७६.११%) का सदस्यहरु थिए। त्यस्तै गरी, केहि उत्तरदाताहरु बिभिन्न सहकारीहरुका (प्र. १- २९.३२%, प्र. २- २३.८९% ) सदस्यहरु थिए।

*चित्र १७. सदस्यताको वितरण*



दुवै प्रदेशमा सदस्यहरुको वितरण समान थियो। प्रदेश २ मा एकल सदस्यहरुको उच्च प्रतिशत रहेको थियो भने प्रदेश १ का सदस्यहरुको धेरै सहकारीहरुमा सम्लग्नता बढी रहेको थियो।

**सदस्यहरुको गरिबी सूचकांक मूल्यांकन**

अध्ययनले गरिबीको बहुआयामिक सूचकांकको प्रयोग गरेको छ। यो सूचकांकले सूचकहरुको जटिलतालाई घटाउन सहयोग गर्दछ। यस अध्ययनमा गरिबीको बहुआयामिक सूचकांकहरु शिक्षा, स्वामित्व, र आवास  गरी तीन क्षेत्रहरुलाई लिईएको थियो। बसोवास भित्रमा, उप क्षेत्रहरुमा आवास, खपत, यातायातको साधन र ईन्धन लाई लिईएको थियो। गरिबीको बहुआयामी मापनले गरीबीलाई कम गर्नका लागी देशमा नीतिहरुको अभाव भएको संकेतक गर्दछ।

देशको सन्दर्भ आधारमा, देशको आवश्यकताहरु र प्राथमिकताहरु प्रतिबिम्बित गर्नका साथै यसको आधार क्षेत्रहरु, जिल्लाहरु, प्रदेशहरु, आदिका लागि विभिन्न सूचकहरुको छनौट गर्न सकिन्छ। तल तालिका र चित्रमा गरिबी सूचकांक विश्लेषण, शिक्षा, घरको स्वामित्व, यातायात, ईन्धन, सरसफाइ र समग्रलाई प्रस्तुत गरिएकोछ।

**१.शिक्षा स्तर विश्लेषण**

**तालिका ७. गरीबी सूचकांकमा शैक्षिक स्तर विश्लेषण**

| | महिला | | | पुरुष | | | **कुल** | |
|---|---|---|---|---|---|---|---|---|
| प्रतिशतता | **प्र. १** | **प्र. २** | **कुल** | **प्र. १** | **प्र. २** | **कुल** | **प्र. १** | **प्र. २** |
| ५ प्रतिशतता | निरक्षर | निरक्षर | निरक्षर | निरक्षर | निरक्षर | निरक्षर | निरक्षर | निरक्षर |
| ३३ प्रतिशतता | साक्षर | निरक्षर | निरक्षर | साक्षर | साक्षर | साक्षर | साक्षर | निरक्षर |
| मध्यमान | साक्षर | साक्षर | साक्षर | प्रवेशिका | साक्षर | साक्षर | साक्षर | साक्षर |
| ९० प्रतिशतता | स्नातक | प्रवीणता प्रमाणपत्र | स्नातक | स्नातक | स्नातकोत्तर | स्नातक | प्रवीणता प्रमाणपत्र | प्रवीणता प्रमाणपत्र |


## २. घरको स्वामित्व विवरण

**तालिका ८. सहकारी सदस्यहरुमा घरको स्वामित्व**

| प्रदेश | ऐलानी | बाहाल | पुर्खोली | सदस्यता अघि खरिद | सदस्यता पछि खरिद | कुनै जवाफ छैन |
|---|---|---|---|---|---|---|
| प्रदेश १ | २ .४१% | २३ .४१% | २८ .२३% | १२ .९१% | ११ .३८% | २१ .६६% |
| प्रदेश २ | ५ .१२% | २१ .५०% | ४८ .८१% | ६ .४८% | ९ .९०% | ८ .१९% |
| कुल | ३ .४७% | २२ .६७% | ३६ .२७% | १० .४०% | १० .८०% | १६ .४०% |

कुल मिलाएर, तालिका ८ ले उत्तरदाताहरु घर हुनेमा **(प्र. १- २८.२३%, प्र. २- ४८.१८%),** घर भाडामा लिएर बस्ने (प्र. १- २३.४१**%,** प्र. २- २१.५०**%)** र ऐलानी जमिनमा **(प्र. १- २.४१%, प्र. २- ५.२१%)** बस्ने थिए । त्यस्तै गरी, प्रदेश १ र २ का धेरै मानिसहरुले ले सदस्यता लिनु **(१२.९१%, ६.४८%)** भन्दा पहिले घरहरु किन्नेका, **(प्र. १-११.३८%, प्र. २- ९.९०%)** सदस्यता लिएपछि धेरै किनेका थिए। प्रदेश १ (२१.६६%) र प्रदेश २ (८.१९%)काले प्रतिक्रिया दिएका थिएनन्।

*चित्र १८. घरको स्वामित्व*




प्रदेश १ मा, २८.२३% सगँ आफ्नो घर छ, २३प्रतिशत भाडाको घरमा बस्छन् र २ प्रतिशत सुकुम्बासी भएर बस्छन्। त्यसै गरी, ११ प्रतिशतले सदस्यता पछि घर किनेका जबकि १६ प्रतिशतले सदस्यता लिनु भन्दा पहिले नै किनेका थिए।

प्रदेश २ मा ४९ प्रतिशत सदस्यहरुको आफ्नो घर छ, त्यस्तै, २२ प्रतिशतहरु भाडाको घरमा बस्छन् र ५ प्रतिशत सुकुम्बासी भएर बस्छन्। त्यस्तै, १० प्रतिशतले आफ्नो घर सदस्यता पछि किनेका र ६.५ प्रतिशतले सदस्यता भन्दा पहिले किनेका थिए।

३६ प्रतिशत सदस्यहरुको आफ्नो पुर्खौली घर छ, २३ प्रतिशत भाडाको घरमा बस्छन्। त्यस्तै गरी ११ प्रतिशतले सदस्यता पछि घर किनेका छन्, जबकि १० प्रतिशतले यो सदस्यता लिनु भन्दा पहिले किन्नुभएको थियो। १ प्रतिशतले यस प्रश्नको जवाफ दिएनन्।


३. यातायात

**तालिका ९. प्रदेश अनुसार यातायातको प्रयोग**

| यातायातका साधन | सार्वजनिक | साइकल | मोटरसाइकल | निजी सवारी साधन |
|---|---|---|---|---|
| प्रदेश १ | ४४ .९% | २३ .६% | ५५ .६% | ५ .८% |
| प्रदेश २ | २१ .६% | ४८ .२% | ६४ .४% | ३ .६% |

दुबै प्रदेशका अधिकांश उत्तरदाताहरुसगँ मोटरसाइकलमा **(प्र. १- ५५.६%, प्र. २-६४.४%)** स्वामित्व छ। प्रदेश १मा **(४४.९%)** उत्तरदाताहरु सार्वजनिक यातायातबाट यात्रा गर्दछन। प्रदेश २ मा (४८.२%) सगं साइकल छ। त्यसैगरी, प्रदेश १ मा ४४.९ प्रतिशत र प्रदेश २ मा २१.६ प्रतिशत सगँ कुनै पनि यातायातका साधन सुबिधा छैनन्। प्रदेश १ का उत्तरदाताहरुको उच्च प्रतिशतसगं निजी कार (५.८ %) र २मा थोरै सगँ (३.६%) मात्र निजी सवारी साधन थियो।

*चित्र १९. सदस्यहरु बीच रहेको यातायातका साधन*



यस चित्र १९ मा अधिकांश सदस्यहरूसँग मोटरसाइकल रहेको र ४५ प्रतिशत सँग कुनै व्यक्तिगत सवारी साधन नभएको चित्रण गरिएको छ। सवारी साधन नभएकाहरू सार्वजनिक यातायातको माध्यम बाट यात्रा गर्ने गरेका छन्। प्रदेश २ मा ६४ प्रतिशत सदस्यहरुको मोटरसाइकल, ४ प्रतिशतको साइकल र २२ प्रतिशतले सार्वजनिक यातायातमा यात्रा गर्ने गरेकाछन् ।


## ४. घरायसी उपयोग

**तालिका १०. घरायसी उपयोग**

| ईन्धन | गोबर गुइठा | दाउरा | मट्टितेल | ग्यास | विद्युत |
|---|---|---|---|---|---|
| प्रदेश १ | ३ .९% | ४६ .९% | २ .३% | ८४ .६% | ११ .५% |
| प्रदेश २ | १२ .०% | ४१ .३% | ७ .१% | ८२ .७% | १२ .४% |

तालिका १० मा दुवै प्रदेशका अधिकांश उत्तरदाताहरूले ग्यास इन्धन **(प्र. १-८४.६%, प्र. २-८२.७%), क्रमसः** दाउरा **(प्र. १- ४६.९%, प्र. २-४१.३%)** बिजुली **(प्र. १-११.५%, प्र. २-१२.४%)** लाई मुख्य साधनको रूपमा प्रयोग गर्दछन्। त्यस्तै गरी, इन्धनको अन्य साधनमा क्रमशः, गाईको गोबर र मत्तीतेल प्रयोग गर्दछन् भनिएकोछ।

*चित्र २०. सहकारी सदस्यहरु बीच ईन्धनको उपयोग*




चित्र २० ले दुबै प्रदेशमा सहकारी सदस्यहरु बीच ग्यासको उच्च उपयोगलाई देखाउँछ।


**५. सरसफाई**

**तालिका ११. शौचालयमा पहुँच**

| शौचालय | प्रदेश १ | प्रदेश २ | कुल |
|---|---|---|---|
| शौचालय छैन | ५ .०% | ८ .०% | ६ .२०% |
| अस्थायी शौचालय | ९ .६% | १२ .३% | १० .७०% |
| स्थायी शौचालय | ८९ .७% | ८५ .१% | ८७ .९०% |

दुबै प्रदेशहरुमा अधिकांश उत्तरदाताहरु सगं उनीहरुको घरहरुमा स्थायी शौचालय (प्र. १- ८९.७%, प्र. २- ८५.२%),र क्रमशः अस्थायी शौचालय (प्र. १- १२.३%, प्र. २- १०.७%), र केहि उत्तरदाताहरुसंग कुनै पनि शौचालय (प्र. १- ५%, प्र. २- ९.६%) थिएन ।

*चित्र २१. शौचालयमा पहुँच*




चित्र २१ ले सहकारीहरुको अधिकांश उत्तरदाताहरुसंग स्थायी शौचालय उपयोगलाई देखाउँछ।

## ६. स्वामित्व स्थिति


### तालिका १२. प्रदेश अनुसार स्वामित्वको स्तर

| | रेडियो | टेलिभिजन | फ्रिज | टेलिफोन | मोबाइल | कम्प्यूटर |
|---|---|---|---|---|---|---|
| प्रदेश १ | ४४ .२०% | ८८ .४०% | ५७ .६०% | २६ .६०% | ९६ .४०% | ३७ .५०% |
| प्रदेश २ | ३६ .८०% | ८५ .४०% | ४२ .४०% | १८ .१०% | ९३ .८०% | २७ .४०% |
| कुल | ४१ .३०% | ८७ .२०% | ५१ .६०% | २३ .२०% | ९५ .४०% | ३३ .६०% |

तालिका १२ ले दुबै प्रदेशका अधिकांश उत्तरदाताहरुसंग मोबाइल फोन (प्र. १- ९६.४०%, प्र. २- ९३.८०%), यस्तै क्रमशः टेलिभिजन (प्र. १- ८५.७१%, प्र. २- ८५.५७%), रेफ्रिजरेटर (प्र. १- ५७.६०%, प्र. २- ४२.४०%), रेडियो (प्र. १- ४४.२०%, प्र. २- ३६.४०%), कम्प्यूटर (प्र. १- ३७.५०%, प्र. २- २७.४०%) र ल्याण्डलाइन फोन (प्र. १- २६.६०%, प्र. २- १८.१०%) रहेको कुरा

देखाउँछ। प्रदेश १ को तुलनामा, प्रदेश २ मा थोरै मानिसहरु सगँ टेलिभिजन, रेफ्रिजरेटर, मोबाइल, कम्प्युटर, र ल्याण्डलाइनमा स्वामित्व रहेकोछ।

*चित्र २२ .सहकारी सदस्यहरु बीच उपभोग्य सामानहरुको स्वामित्व*




चित्र २२ ले अधिकांश उत्तरदाताहरुसंग अन्य सामानहरुको तुलनामा मोबाइल फोन र टेलिभिजन बढि रहेको चित्रण गरेको छ।

### ७. बहुआयामी गरीबी सूचकांक

बहुआयामी गरिबी सूचकाङ्क (MDI) ले गरिबी र वञ्चितता अवस्थाको आकलन गरि गरिबीको गैर-आयमा आधारित आयामको मापन गर्दछ (हिक, २०१५)। अन्य देशहरूको सन्दर्भमा उनीहरूको अर्थपूर्ण राष्ट्रिय गरिबीका सुचकहरू बनाई सूचकाङ्क र मापन छनौट गर्ने पध्दति बनाउने गर्दछन।

नेपालको सन्दर्भमा, राष्ट्रिय योजना आयोगले केन्द्र र प्रान्तीय स्तरमा बहुआयामी गरीबी सूचकांक निर्धारण गर्न अल्काइर र फोस्टर मानक पद्धतिको प्रयोग गरीरहेको छ (अल्काइर र फोस्टर, २०१९)। राष्ट्रिय योजना आयोगले २०२१ मा प्रकाशित रिपोर्टका अनुसार २०१९ को नेपाल बहुआयामी गरीबी सर्वेक्षण तथ्याङ्क विश्लेषण गर्दा, १७.४% नेपाली जनसंख्या बहुआयामी गरीबमा छन्। यस बीच, प्रदेश १को १५.९ % जनसंख्या बहुआयामीगरीबिको स्तर राष्ट्रिय औसत भन्दा कम छ। अर्कोतर्फ, प्रदेश २ मा २४.२% जनसंख्या बहुआयामिक गरीबको साथ निराशाजनक स्थिति रहेका देखिन्छ।

हाम्रो अध्ययनमा, हामीले समय र लागतको कारण, हामीले अल्काइर र फोस्टर विधिको सट्टा सहकारी सदस्यहरू बिचको गरिबी स्तर मापन गर्नको लागी निम्न उपयुक्त सूचकहरू लिएका थियौ। तलको तालिका समग्र सूचकहरूलाई प्रस्तुत गरिएको छ।

**तालिका १३. बहुआयामी गरीबी सूचकांक गणनाको क्षेत्रगत घटकहरु**

| क्षेत्र उपाय | उपक्षेत्र | मापन |
|---|---|---|
| १। शिक्षा | | सबै परिवारका सदस्यहरुको मध्य शैक्षिक स्तर |
| २। स्वामित्व | | बसोबासको स्वामित्वको प्रकृति |
| ३। वासस्थान | क) आवास (पर्खाल र छाना)<br>ख) उपभोग<br>ग) यातायात<br>घ) सरसफाइ<br>ङ) ईन्धनको उपयोग | प्रत्येकमा पाएको औसत अंक |

यसको समग्र गरिबी सूचकाङ्कको गणना पद्धति विस्तृत रुपमा एनेक्स ३ मा राखिएकोछ। यस प्रकार गणना गरीएको गरीबी सूचकांकले सदस्यहरुको सम्पत्ति स्तरलाई ० देखि १ सम्ममा तुलना गर्दछ। यसमा उच्च अंक भएका सदस्यहरुलाई राम्रो मानिन्छ। यसमा ३३ प्रतिशत भन्दा कम अंक भएकाहरुलाई बहुआयामिक गरीब मानिन्छ। गरीबी स्तरको विस्तृत अंक तालिका १४ मा देखाइएको छ।

तालिका १४ बहुआयामी गरीबी सूचकांक

| | प्रदेश १ | प्रदेश २ | कुल |
|---|---|---|---|
| मध्यबिन्दु | ० .४७३७८२९ | ० .४४२५१०१ | ० .४६ |
| मध्यक | ० .४६८९४४१ | ० .४२८२७५७ | ० .४५७५५७ |
| ५ शतमक | ० .१६७९२३७ | ० .१५३२६८३ | ० .१५९०३६ |
| १० शतमक | ० .२३१६७७ | ० .२२९०४४७ | ० .२१७४८ |
| ३३ शतमक | ० .३९७३६७६ | ० .३८६१२८४ | ० .३८९८२५ |
| ९० शतमक | ० .६८४६७९१ | ० .६४७९२९६ | ० .६७९५३३ |
| मानक विचलन | ० .१९८९४०२ | ० .१७४३२३४ | ० .१९१०३८ |
| Skewness | १ .१४७२०९ | ० .२८७६ | १ .१४२७८ |

यस समग्र गरिबी सूचकाङ्कले प्रदेश १ र २ मा सदस्यहरुको समग्र गरीबी सूचकांक को औसत ०.४६ देखाउदछ। यसको अर्थ यदि हामी गरीबिलाई धनको स्तर सँगै ० देखि १०० रुपैयाँ सम्मको मान्छौँ, तब आधा सदस्यहरू ४६ रुपैयाँको स्तरमा आउँछन्। दुवै प्रदेश १ र प्रदेश २ को तुलना गर्दा, प्रदेश १ गरिबिको स्तरको हिसाबले प्रदेश २ भन्दा अलि राम्रो देखिएको छ। यसको औसत ०.४३ रहेको छ। यो नतिजा एनपीसी रिपोर्ट संग धेरै नै मिल्न जान्छ। यसले प्रदेश १मा भन्दा धेरै बहुआयामी गरीब व्यक्तिहरु प्रदेश २ मा भएको संकेत गर्दछ। यसैबिच प्रदेश १का सहकारी सदस्यहरु, सबैभन्दा कम ५ प्रतिशतको बहुआयामी गरिबी सूचकाङ्क ०.१६ रहेकोछ। जबकि प्रदेश २ बहुआयामी गरिबी सूचकाङ्क ०.१५ रहेकोछ।


यसले दुबै क्षेत्रहरुमा पहुँचको गहिराईमा धेरै समान छ भन्ने देखाउँछ। यदि हामी ३३ प्रतिशत मुनिका सदस्यहरुलाई बहुआयामिक गरीब मान्ने NPC बेंचमार्कको अनुसरण गर्यो भने, प्रदेश १ मा बहुआयामी गरिबी सूचकाङ्क ०.३९ र प्रदेश २ मा बहुआयामी गरिबी सूचकाङ्क ०.३८ रहेको पाईन्छ। यो तात्पर्य यदि धनको स्तर ० देखि १०० रुपैयाँ सम्मको लागी हो भने प्रदेश १ मा, बहु

आयामी गरीब सदस्यहरु को सम्पत्तिको स्तर ३९.७ रुपैयाँ र प्रदेश २ मा रु ३८.६ हुन्छ। प्रदेश २ का सदस्यहरु प्रदेश १ भन्दा गरीब देखिन्छन्।

यदि हामी धनको स्तर ० देखि १०० रुपैया सम्मको श्रेणीमा मान्यौं भने प्रदेश २ मा १०% भन्दा बढि आय अन्तर्गत पर्ने सदस्यहरुको सम्पत्ति रु ६८ (०.६८४ बहुआयामी गरिबी सूचकाङ्क) भन्दा बढी छ भने प्रदेश १ को ६४ (०.६४४ बहुआयामी गरिबी सूचकाङ्क I) भन्दा बढी सम्पत्ति भएको तालिकाले देखाउँछ। यसले प्रदेश १ मा सहकारी पहुँच ०.१९८ को एक मानक विचलन संग अधिक व्यापक रूपमा वितरित छ जबकि प्रदेश २ मा ०.१७४ को मात्र मानक विचलन संग मध्यम आय समूह देखाउँछ।


निम्न आंकडाहरुले दुबै प्रदेशहरुमा सदस्यहरु बीच गरीबी सूचकांकको समग्र वितरण देखाउँछ। यो वक्र सकारात्मक १.१४२७८ संग तिर छ। यसको मतलब अधिकांश सदस्यहरु सामान्यतया गरीबी सूचकांकको तल्लो अन्तमा पर्दछन्।

*चित्र २३. सहकारी सदस्यहरु बीच गरीबी सूचकांक वितरण*





यसैबीच, चित्र २४ र चित्र २५ ले क्रमशः दुबै प्रदेश १ र प्रदेश २ को गरीबी सूचकांक हिस्टोग्राम देखाउँछ। प्रदेश १ को Skewness १.४७२९०९ मा मापन गरिएको छ, जबकि प्रदेश २ मात्र ०.२८१६४ छ। यसले प्रदेश १ मा सहकारीको पहुँच गरीबहरुको लागी अधिक छ तर प्रदेश २ को मामलामा यो सहकारी को पहुँच अधिक सममित छ भन्ने देखाउँछ। यसैले दुबै कम र उच्च आय समूह समान रूपमा रहेको देखिन्छ।

*चित्र २४. प्रदेश १ मा गरीबी सूचकांकको वितरण*




*चित्र २५. प्रदेश २ को गरिबी सूचकांकको वितरण*



१. सहकारीको प्रभाव (आवृत्ति)

तालिका १५. सहकारीको प्रभाव

| विबरण | | प्रदेश १ | प्रदेश २ | कुल |
|---|---|---|---|---|
| नयाँ व्यवसायका लागि सहयोग | संख्या | ३२६ | २३६ | ५६२ |
| | % | ७४ .६०% | ८३ .१०% | ७७ .९०% |
| ब्यापारमा लगानी गरी आम्दानीमा वृद्धि | संख्या | २८८ | २१७ | ५०५ |
| | % | ६५ .९०% | ७६ .४०% | ७० .००% |
| स्थानिय रोजगारीका लागि सहयोग | संख्या | २९७ | २१५ | ५१२ |
| | % | ६८ .००% | ७५ .७०% | ७१ .००% |
| वैदेशिक रोजगारीका लागि सहयोग | संख्या | ९५ | ९१ | १८६ |
| | % | २१ .७०% | ३२ .००% | २५ .८०% |
| बचतको दरमा वृद्धि | संख्या | ३९१ | २५२ | ६४३ |
| | % | ८९ .५०% | ८८ .७०% | ८९ .२०% |
| शिक्षा र स्वास्थ्यको उपभोग क्षमता वृद्धि | संख्या | ३२९ | २२९ | ५५८ |
| | % | ७५ .३०% | ८० .६०% | ७७ .४०% |
| परिवारका सदस्यहरूको व्यापारिक दक्षतामा | संख्या | ३२८ | २३६ | ५६४ |
| | % | ७५ .१०% | ८३ .१०% | ७८ .२०% |
| निर्णय लिने क्षमताको विकास | संख्या | ३५५ | २१३ | ५६८ |
| | % | ८१ .२०% | ७५ .००% | ७८ .८०% |
| बालबालिकाको शिक्षा सुधारका लागि | संख्या | ३०२ | २११ | ५१३ |
| | % | ६९ .१०% | ७४ .३०% | ७१ .२०% |
| मान्य उत्तरदाता संख्या | | ४३७ | २८४ | ७२१ |

सदस्यहरूको माझ सहकारीको उच्चतम प्रभाव र बचतको दरमा वृद्धि(८९.२भएको थियो। यसबाहेक, नयाँ व्यावसायमा सहयोग (७७.९%), निर्णय सशक्तीकरण वृद्धि (७८.८**%),** र उपभोग क्षमतामा (७७.४%) वृद्धि भएको थियो। उनीहरूले परिवारका सदस्यहरूको व्यबसायिक दक्षतामा (७७.४%), बालबालिकाको शिक्षालाई निरन्तर दिन (७१.२ %) साथै सहकारीले वैदेशिक रोजगारीमा जान (२५.८२ %) सहयोग गरेको छ।

## २. प्रदेश १ र २ मा लैङ्गिक आधारमा सहकारीको प्रभाव

**तालिका १६. प्रदेश १ र २ मा लैङ्गिक आधारमा सहकारीको प्रभाव**

| | प्रदेश १ | | प्रदेश २ | |
|---|---|---|---|---|
| विबरण | पुरुष | महिला | पुरुष | महिला |
| नयाँ व्यवसायलाई समर्थन | ७४ .१% | ७४ .७% | ७६ .८% | ८८ .५% |
| आम्दानी र लगानीमा वृद्धि | ६७ .२% | ६४ .४% | ७१ .२% | ८१ .५% |
| घरायसी काम प्राप्त गर्न | ६८ .४% | ६७ .२% | ७१ .२% | ७९ .६% |
| वैदेशिक रोजगारीका लागि सहयोग | २८ .२% | १७ .४% | ३२ .८% | ३१ .२% |
| बचत बढाउन मद्दत | ८९ .७% | ९० .५% | ९१ .२% | ८६ .६% |
| स्वास्थ्य र शिक्षाको उपभोगमा वृद्धि | ७६ .४% | ७४ .७% | ७५ .२% | ८४ .७% |
| परिवारका सदस्यको व्यावसाय दक्षतामा वृद्धि | ७४ .७% | ७४ .७% | ८० .०% | ८६ .०% |
| निर्णय लिने क्षमताको विकास | ७५ .३% | ८५ .४% | ७२ .०% | ७७ .७% |
| बाल शिक्षामा सुधार | ६५ .५% | ७० .८% | ७२ .८% | ७५ .२% |

प्रदेश १ मा, सहकारीको सहयोगले पुरुष र महिला दुबैको बचत बढाउन मद्दत गरेको कुरा (**पु- ८९.७%, म- ९०.५%**) उनीहरुलाई व्यक्त गरे। त्यस्तै गरी, प्रदेश २ मा महिलाहरुको तुलनामा धैरै पुरुषले बचत गरेको (**पु- ९१.२%, म- ८६.६%)** कुरा बताएका थिए। दुबै प्रदेशहरुमा पुरुष र महिलाहरुले सहकारीले आफ्नो जीवनमा पारेको प्रभाव बारेमा समान धारणा बताएका थिए। दुबै प्रदेशहरुमा सहकारीमा बचत गरे पछि घरेलु निर्णय लिने क्षमता प्रदेश १ मा बढेको (प्र. १: पु- ७५.३**%,** म- ८५.४**%)** बताएका थिए। प्रदेश २ मा नयाँ व्यवसायलाई समर्थन गरेको (प्र. २: पु- ८०**%,** म- ८६**%)** बताएका थिए। त्यस्तै गरी, अन्य पक्षहरूमा स्वास्थ्य र शिक्षाको उपभोगमा वृद्धि, सशक्त निर्णय लिने, बाल शिक्षा मा सुधार, आम्दानी र लगानीमा वृद्धि घरेलु जागिर प्राप्त गर्नमा सहयोग प्राप्त पनि गरेका थिए। प्रदेश १ मा स्वास्थ्य र शिक्षाको उपभोगमा वृद्धि, (प्र. १: पु. ७६.४**%,** म.-७४.७**%)**, नयाँ व्यवसायको लागी सहयोग, परिवारका सदस्यको व्यावसाय दक्षतामा

वृद्धि, घरेलु काम पाउन गर्नमा सहयोग, बच्चाहरुको शिक्षामा सुधार, आयमा वृद्धि र लगानी पनि गरेका थिए।

| प्रभाव | बचत तथा ऋण | | उपभोक्ता | | कृषि | | दुग्ध | | बहुउद्देशीय | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | % | सं. | % | सं. | % | सं. | % | सं. | % | सं. | सं. |
| व्यवसायको सहयोग | ३२१ | ७७.२% | १७ | ८१% | १५० | ८४.३% | २१ | ८०.८% | ११४ | ७६% | २७ | ७९.४% |
| लगानी र आम्दानीमा वृद्धि | ३०३ | ७२.८% | १७ | ८१% | १३७ | ७७% | १८ | ६९.२% | १०७ | ७१.३% | २० | ५८.८% |
| घरेलु काम प्राप्त गर्न | २९७ | ७१.४% | १७ | ८१% | १३९ | ७८.१% | १६ | ६१.५% | ९८ | ६५.३% | २८ | ८२.४%% |
| वैदेशिक रोजगारीका लागि सहयोग | १२० | २८.८% | १२ | ५७.१% | ४७ | २६.४% | ३ | ११.५% | ३५ | २३.३% | १० | २९.४% |
| बचतको दरमा वृद्धि | ३७० | ८८.९% | १७ | ८१% | १६५ | ९२.७% | २० | ७६.९% | १३७ | ९१.३% | ३२ | ९४.१% |
| शिक्षा र स्वास्थ्यको उपभोग क्षमता वृद्धि | ३१४ | ७५.५% | १७ | ८१% | १४३ | ८०.३% | १६ | ६१.५% | १२० | ८०% | ३० | ८८.२% |
| सदस्यहरूको व्यापारिक दक्षता वृद्धि | ३२७ | ७८.६०% | १८ | ८५.७०% | १५३ | ८६% | १८ | ६९.२% | ११९ | ७९.३% | २९ | ८५.३% |
| निर्णय लिने क्षमताको विकास | ३१८ | ७६.४% | १९ | ९०.५०% | १४७ | ८२.६% | १९ | ७३.१% | १२३ | ८२% | २९ | ८५.३% |
| बालबालिकाको शिक्षा सुधारका लागि | २७४ | ६५.९% | १६ | ७६.२०% | १३३ | ७४.७% | १७ | ६५.४% | १०० | ६६.७% | २५ | ७३.५% |
| कुल | ४१६ | | २१ | | १७८ | | २६ | | १५० | | ३४ | |

समग्र सहकारीहरुको प्रभाव प्रदेश २ मा बढी देखिन्छ। यसमा पुरुषहरु भन्दा महिलाहरु मा अधिक क्षेत्रहरुमा  सक्रिय रहेका छन। तर बचत दर भने पुरुषहरुमा प्रदेश २ को भन्दा उल्टो प्रदेश १ मा महिलाहरुमा धेरै थियो। त्यस्तै गरी सहकारीले अन्य पक्षहरुमा, ब्यापार सहयोग, लगानीमा वृद्धि, रोजगारको खोजी, र केही प्रभावित क्षेत्रका मानिसहरुले वैदेशिक रोजगार प्राप्त पनि गरेको छ। समग्रमा सहकारीको सबैभन्दा बढी प्रभाव बचत बढाउने नै पाईयो।

## ३. सहकारीका प्रकारहरुमा आधार उनीहरुको प्रभाव

**तालिका १७. सहकारीका प्रकारको आधारमा उनीहरुको प्रभाव**

यस अध्ययनका प्रमुख उत्तरदाताहरू बचत तथा ऋण सहकारी (४६१), र क्रमशः कृषि सहकारी (१७८), बहुउद्देश्यीय सहकारी (१५०), अन्य सहकारी (३४), र उपभोक्ता सहकारी (३२१) का सदस्य थिए। बचत वृद्धिमा सबै प्रकारका सहकारीहरू (बचत तथा ऋण सहकारी: ८८.९%, कृषि सहकारी: ९२.७०%, बहुउद्देश्यीय सहकारी: ९१.३०%, अन्य सहकारी: ९४.१०% र उपभोक्ता सहकारी: १००%) को योगदान थियो। । प्रदेश २ मा प्रदेश १ को (बचत तथा ऋण सहकारी: ८९.३०%, कृषि सहकारी: ९०.९०%, बहुउद्देश्यीय सहकारी: ७५%, अन्य सहकारी: ८९.४०% र उपभोक्ता सहकारी: १००%) प्रतिशत भन्दा कम रहेको थियो।

बचत तथा ऋण सहकारीहरू बचत वृद्धिमा प्रभाव पछि, व्यावसाय दक्षतामा वृद्धि (७८.६०%), घरेलु निर्णयमा सहयोग (७६.४०%), उपभोग सुधार (७५.५०%), नयाँ व्यावसाय समर्थन (७५%), आय र लगानीमा वृद्धि (७२.८०%), जागिर खोज्न सहयोग (७१.४०%), बाल शिक्षामा सुधार (६५.९०%) र अन्तमा, वैदेशिक रोजगारमा मद्दत (२८.८०%) रहेको थियो। बचत तथा ऋण सहकारीको पछि, यस्तै तरीकाले बिभिन्न सूचकहरुमा कृषि सहकारीहरुले प्रभाव पारेको पाईन्छ। यसैगरी समुदायमा क्रमशः बहुउद्देश्यीय सहकारीहरु, अन्य सहकारीहरु, र उपभोक्ता सहकारीहरुको प्रभाव रहेको पाईन्छ। ।

उत्तरदाताहरुमा बचत तथा ऋण सहकारीका सदस्यहरुको संख्या उच्च भएकाले यस प्रभावमा प्रत्येक सहकारीको समान प्रतिनिधित्व नहुन सक्छ।

## ४. सहकारीहरुको प्रभावसंग सदस्यहरुको सन्तुष्टि स्तर


**तालिका १८. सहकारीहरुको प्रभावसंग सदस्यहरुको सन्तुष्टि स्तर**

| विबरण | | | सन्तुष्टि स्तर | | | |
|---|---|---|---|---|---|---|
| | | | अत्यन्तै राम्रो | राम्रो | सामान्य | कुनै फरक नभएको |
| पुरुष | प्रदेश | १ | १८.५०% | ५८.३८% | २१.३९% | १.७३% |
| | | २ | ३५.८३% | ५१.६७% | १२.५०% | ०.००% |
| | कुल पुरुष | | २५.६०% | ५५.६३% | १७.७५% | १.०२% |
| महिला | प्रदेश | १ | १४.६७% | ५६.३७% | २५.४८% | ३.४७% |
| | | २ | २४.२०% | ५२.८७% | १९.७५% | ३.१८% |
| | कुल महिला | | १८.२७% | ५५.०५% | २३.३२% | ३.३७% |
| कुल | प्रदेश | १ | १६.४८% | ५७.२१% | २३.५७% | २.७५% |
| | | २ | २९.५०% | ५२.१६% | १६.५५% | १.८०% |
| कुल | | | २१.५४% | ५५.२४% | २०.८४% | २.३८% |

प्रदेश १ मा महिलाहरुको (५६.३७%) को तुलनामा पुरुषहरुको सन्तुष्टि स्तर राम्रो (५८.३८%) थियो। त्यसपछि सामान्य स्तरको सन्तुष्टि पुरुषहरुको (२१.३९%) तुलनामा महिलाहरुमा (२५.४८%) उच्च थियो, अत्यन्तै राम्रो सन्तुष्टिस्तर पुरुषहरुमा (१८..५०%) महिलाहरुको तुलनामा (१४.६७%) उच्च थियो। प्रदेश २ मा पुरुषहरुको (५१.६७%) तुलनामा महिलाहरुको (५२.८७%) राम्रो सन्तुष्टि स्तर उच्च थियो। यसैगरी पुरुषहरु (३५.८३%) र महिलाहरु (२०.२०%) मा अत्यन्तै राम्रो सन्तुष्टि स्तर, महिलाहरु (२५.४८%) र पुरुषहरुमा (१२.५०%) सामान्य सन्तुष्टि स्तर रहेको पाईयो। त्यहाँ केहिले भने कुनै फरक अनुभव गरेनन्।

समग्रमा, सहकारीहरुको प्रभाव संग सन्तुष्टि स्तर प्रदेश २ को तुलनामा प्रदेश १ को राम्रो थियो (प्र. १- ५७.२१% र प्र. २- ५२.१६%), सामान्य स्तर (प्र. १- २३.५७, प्र. २-१६.५५%) र प्रदेश २ मा उच्च सन्तुष्टि स्तर (प्र. १- १६.४८%, प्र. २- २९.५०%) थियो।

*चित्र २६. सहकारी अभियानका प्रति सदस्यहरुको सन्तुष्टि स्तर*




चित्र २६ मा सहकारी सदस्यहरुको सन्तुष्टि स्तर राम्रो, सामान्य, अत्यन्तै राम्रो, तटस्थ र ३ प्रतिशतले मात्रै कुनै फरक अनुभव नगरेको देखाइएको छ।


५. अपेक्षाहरुको प्राप्ति

तालिका १९. लक्ष्य प्राप्ति प्रतिको धारणा

| | लक्ष्य प्राप्ति | | |
|---|---|---|---|
| | भएन | भयो | जवाफ नदिने |
| प्रदेश १ | ९.३१% | ८९.२६% | १.४३% |
| प्रदेश २ | ५.६८% | ९२.४२% | १.८९% |

अधिकांश उत्तरदाताहरुले उनीहरुको अपेक्षा सहकारीहरु (प्र. १- ८९.२६%, प्र. २- ९२.४२%) बाट पूरा भएको मानेका छन। तर केहि उत्तरदाताहरुले उनीहरुका अपेक्षाहरु सहकारीहरु (प्र. १- ९.३१%, प्र. २-५.६८%) बाट पूरा नभएको कुरा पनि व्यक्त गरेका थिए । त्यस्तै गरी, केहिले यस बारे सोधिका प्रश्नहरुको प्रतिक्रियाहरु दिएका थिएन। प्रदेश १ को तुलनामा प्रदेश २ को सदस्यहरुको उच्च लक्ष्यहरु प्राप्त भएको पाईयो।

*चित्र २७. लक्ष्य प्राप्ति प्रतिको धारणा*



चित्र २७ ले उत्तरदाताहरु लक्ष्यहरु प्रतिको धारणा चित्रण गरीएको छ। दुबै प्रदेशका अधिकांश उत्तरदाताहरुले आफ्नोको लक्ष्य हासिल भएको अनुभव गरेकाछन्।

## ६. कारण विश्लेषण

**मोडेल:**

सहकारीका माध्यमबाट लक्ष्य हासिल भएको प्रतिक्रिया को आधारमा, कुन सामाजिक जनसांख्यिकीयस्तर यसका कारक भन्ने कुराको मापन गर्न आवश्यक छ। **Logistic Regression** को माध्यम बाट, हामीले गरीबी सूचकांक, प्रदेश, लिङ्ग, जातीयता, शिक्षाको स्तरले अपेक्षा पूरा गरीएको सम्बन्धको जाँच गर्ने कोशिश गरेका छौं (वडरिङ्ग, २०१५)। तल तालिका १८ मा **Regression** को परिणाम प्रस्तुत गरिएको छ।

**P(ExpectationMeet) = constant +b1*Poverty_Index+b2*Province+b3*Gender +b4*Ethnicity+b5*MedianEducationLevel** .........i)

तालिका २०. Logistic Regression

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **Logistic regression** | | | | Number of obs | **605** | |
| | | | | LR chi2(16) | **30.22** | |
| | | | | Prob> chi2 | **0.0169** | |
| **Log likelihood = -249.55913** | | | | Pseudo R2 | **0.0571** | |
| अपेक्षा प्राप्ति | **Odds Ratio** | **Std. Err.** | **Z** | **P>z** | **[95% Conf.** | **Interval]** |
| गरिबी_अनुक्रमणिका | १५ .५५८६४ | ११ .४८३०८ | ३ .७२ | ० | ३ .६६२१८८ | ६६ .१००१५ |
| प्रदेश | | | | | | |
| प्रदेश २ | ० .६९०८६९५ | .१७१५९५ | -१ .४९ | ० .१३७ | ० .४२४५९८५ | १ .१२४१२२ |
| लिङ्ग | | | | | | |
| महिला | १ .१३४३९९ | .२७२१७९८ | ० .५३ | ० .५९९ | ० .७०८८१७७ | १ .८१५५०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| अन्य | ० .६००९३३३ | .५४०५८१२ -० .५७ | ० .५७१ | ० .१०३०६५१ | ३ .५०३८१४ |
| उमेर समुह | | | | | |
| २०-४० | ० .९९८७३६९ | .५८५३४२१ -० .०० | ० .९९८ | ० .३१६६४८१ | ३ .१५०१०७ |
| ४०-६० | ० .७०८०८९९ | .४१६७६५१ -० .५९ | ० .५५८ | ० .२२३४०४१ | २ .२४४३२५ |
| ६०-८० | ० .५५०७५५४ | .३८५४७६१ -० .८५ | ० .३९४ | ० .१३९७००८ | २ .१७१२९३ |
| >८० | ० .१६१२८८२ .१०३२२२७ -१ .४५ | | ० .१४६ | ० .००४८२७८ | २ .२०६९८९ |
| जातीयता | | | | | |
| दलित | ० .८७३३६५९ | .४०७०३७७ -० .२९ | ० .७७१ | ० .३५०३३९ | २ .१७७२२९ |
| जनजाति | १ .३८६४३२ | .३९६१२९५ - १ .१४ | ० .२५३ | ० .७९१९४४२ | २ .४२७१८४ |
| धार्मिक अल्पसंख्यक | ० .५७९८६७४ | .२१८४२३२ -१ .४५ | ० .१४८ | ० .२७७१४०४ | १ .२१३२७ |
| अन्य | ० .५९८०४०८ | .२७५७३५५ - १ .१२ | ० .२६५ | ० .२४२२५४५ | १ .४७६३५१ |
| परिवारका सदस्यहरुको शैक्षिक स्तर | | | | | |
| साक्षर | ० .६२८८१७ | .१८०००४ -१ .६२ | ० .१०५ | ० .३५८८०६९ | १ .१०२०१६ |
| प्रवेशिका | ० .३७८५३६४ | .१५२३७२३ -२ .४१ | ० .०१६ | ० .१७१९७८२ | ० .८३३१८६ |
| स्नातक तह | ० .२१६८३०५ | .१३२९७५२ -२ .४९ | ० .०१३ | ० .०६५१७८८ | ० .७२१३३१४ |
| स्नात्तोकोतर तह | ० .२६०३०२२ | .१३६५७१ -२ .५७ | ० .०१ | ० .०९३०८५९ | ० .७२७९००३ |
| **_cons** | ३ .४७४८३ | २ .२७७७१२ १ .९० | ० .०५७ | ० .९६१५६९३ | १२ .५५७०२ |

नोट*: _cons estimate baseline odds*

## ७. परिणामहरुको व्याख्या

यसले Chi-square value ०.०५ भन्दा कम देखिएकोले यसमा प्रयोग गरिएको मोडेल मान्य छ। यसबाहेक, गरीबी सूचकांकमा एक इकाई वृद्धि संग अपेक्षाको वृद्धिको अवरोधहरु १५ गुणा देखिएकोछ । यसको मतलब गरीबी सूचकांकको उच्च स्पेक्ट्रममा सहकारी सदस्यता लिनेहरुसंग सन्तुष्ट अधिक हुने संभावना छ। त्यस्तै गरी, प्रदेश १ को तुलनामा प्रदेश २ मा अपेक्षा पुरा नहुने मानिसहरु ४० प्रतिशतले कम छन।

यसबाहेक, २० देखि ४० उमेर समूहको बीच अपेक्षा पुरा हुननसकेको उच्चतम (०.९९) छ जबकि ८० माथी १० मात्र प्रतिशत छ। पुरुषहरुको तुलनामा, महिला सदस्यमा १.१२ को उच्च सन्तुष्टि स्तर छ। ब्राह्मण/क्षेत्रीको तुलनामा जातीय समूहको मामलामा, जनजातिहरु सहकारीहरु प्रति उच्च सन्तुष्टि स्तर छन्। धार्मिक अल्पसंख्यकहरु र अन्यहरुको बीच लगभग ५०% उच्च सन्तुष्टि स्तर देखिन्छ। दलितहरु बिच सन्तुष्टि स्तर ब्राह्मण/क्षेत्रीहरुको तुलनामा ८७% रहेकोछ।

अशिक्षितहरुको तुलनामा, परिवारका सदस्यहरुको औसत शिक्षा स्तर बढ्दा सन्तुष्टि स्तर घटेको देखियो। निष्कर्षमा प्रदेश १ का २० देखि ४० उमेर समूहका अशिक्षित महिलाहरु र ब्राह्मण सहकारीमा सदस्यहरु सबैभन्दा सन्तुष्ट छन्।

# अध्याय ५

# सारांश, निष्कर्ष र सुझावहरु

## ५.१ प्रमुख निष्कर्षहरुको सारांश

१) सहकारीहरुले बचत गर्न प्रोत्साहित गरेको छन् २) सहकारीहरूले नयाँ व्यबसाय स्थापना गर्न सहयोग गरेका छन्, ३) सहकारीहरूले नयाँ रोजगारीका अवसरहरू सिर्जना गरेका छन् ४) सहकारीहरूले उद्यमशीलता दक्षता बढाउन सहयोग गरेका छन्, ५) सहकारीहरूले उपभोग्य सामानलाई सुलभ बनाएका तथा वित्तीय स्वतन्त्रता गर्न मद्दत गरेका छन्। माथिका निष्कर्षहरुको आधारमा, यो अध्ययनले सहकारीहरू सदस्यहरूको जीवन सहज बनाउन र सहकारीहरू सँग सम्बन्धित मानिसहरूको समग्र जीवनस्तरमा सुधार र सहयोग गर्नमा ठूलो योगदान पुऱ्याएको छ।

उत्तरदाताले गरिबीलाई मुख्यतः उपभोग, सरसफाइ, आफ्ना बच्चाहरूलाई शिक्षा, स्वास्थ्य सुविधा र जीवनको गुणस्तरमा वस्तुहरूमा पहुँचको अभाव आदिलाई परिभाषित गरेको पाइन्छ। यो निष्कर्षले, यस खोजले पहिलो अनुसन्धान प्रश्न "सहकारीको यसका सदस्यहरूको जीवनस्तर सुधार गर्न प्रदेश १ र प्रदेश २ मा के प्रभाव पारेको**?"** को जवाफ दिन्छ। सहकारी अभियान र सहकारीहरूको सक्रिय सहभागिताले नै प्रदेश १ र २ मा सदस्यहरूको जीवनस्तरमा सुधार ल्याउन महत्वपूर्ण योगदान पुऱ्याएको कुरा यस खोजको एउटा निष्कर्ष हो।

गुणात्मक अध्ययनले सहकारीहरूले आफ्ना सदस्यहरूलाई सशक्त बनाएको**,** उनीहरूको सीपहरू वृद्धि गरेको र उनीहरूको दैनिक घरेलु गतिविधिहरू सञ्चालन र व्यवस्थापनको लागि अझ राम्रो आत्मविश्वासको स्तर बढाएका तथ्य निष्कर्षमा निकालेको छ। केही सहभागीहरूका अनुसार, खास

गरी देशको पहाडी क्षेत्रहरूमा कुनै सहकारी संस्था नभएको भए जीवन धेरै कठिन हुने थियो बन्ने कुरा बताएका थिए।

राष्ट्रमा गरिबी निवारण एक ठुलो चुनौती हो। गरिबी न्यूनीकरण सरकार, नागरिक, स्थानीय र निजी संस्थाहरू, अन्तर्राष्ट्रिय एजेन्सीहरू, दाताहरूको प्रयासहरूको परिणाम हो। यो विकास प्रक्रियाको एउटा आयाम हो। यस सन्दर्भमा सहकारीहरूको भूमिका आर्थिक प्रणालीको तेस्रो स्तम्भको रूपमा स्थापित गर्न सफल भएका छन्। सहकारीको सकारात्मक र महत्त्वपूर्ण प्रभावले दोस्रो अनुसन्धान प्रश्न **'**प्रदेश १ र २ मा आफ्ना सदस्यहरूको गरिबी स्तर घटाउन सहकारीको प्रभाव के हो**?'** भन्ने उत्तर दिएको छ।

यो अध्ययन **MPIs** मा आधारित भएर गरीएको हो। गरिबीका सूचकहरूले विभिन्न प्रकृतिका सहकारीहरूको गरिबी निवारणमा योगदान रहेको जानकारी गर्दछ। दुवै प्रदेशहरूमा उत्तरदाताहरूले सहकारीहरूले गरिबी निवारणमा बचत बढाउन मद्दत पुऱ्याउन **(पु- ८९.८%, म- ९१.५%)**, पारिवारिक निर्णय लिने क्षमता बढाउन (**प्र. १: पु- ८१.९%, म- ८५.१%, प्र. २: पु- ६८.७% म-७.४%**), स्वास्थ्य, शिक्षा, यातायात, र अन्य घरेलु सञ्चारमा (**प्र. १: पु- ८१.९%, म-७७.७%, प्र. २: पु-७३.९%, म – ८६.१%)**, व्यावसाय दक्षता बढाउन **(प्र. १: पु- ६९.३%, म-७७.१%, प्र. २: पु-८०.९%, म- ८३%)** र व्यावसाय सहयोग, लगानी वृद्धि, जागिर खोज्नको लागी सहयोग गरेको भनी रिपोर्ट गरेका थिए। माथिका सबै तथ्यहरूले प्रदेश नम्बर १ र २ को गरिबी न्यूनीकरणमा सहकारीहरूको महत्त्वपूर्ण योगदान रहेको प्रमाणित गर्दछन्।

यसबाहेक, अधिकांश सदस्यहरू सहकारी द्वारा प्रदान गरिएको सेवाहरूसँग सन्तुष्ट छन् र उनीहरूको अपेक्षाहरू पूरा भएका छन्। लगभग ८३% उत्तरदाताहरूका अनुसार सहकारीहरूले उनीहरूको अपेक्षा

पूरा गर्न सक्षम भएका छन् र ७५% सहभागीहरूले सेवाको गुणस्तर अत्यन्तै राम्रो भएक जानकारी गरेका छन्। गुणात्मक अध्ययनको सिलसिलामा सहभागीहरुले:

"सहकारीहरूले सदस्यको आवश्यकतामा ध्यान दिएर गरिबी स्तर सुधार गर्न रणनीतिहरू प्रदान गरिएको छ।"; "सहकारीले मलाई मेरो सिलाई व्यवसाय खोल्न रकम जुटाउन मद्दत गरेको छ। मैले सहकारीबाट प्रशिक्षण र १ लाख अनुदान कोष पनि पाएँ ।" "बैङ्क गरीबलाई चिन्दैन, तर सहकारीले सहयोग गर्दछ।"; "म सहकारीको कारण गरिबीबाट बाहिर आउन र सम्मानजनक जीवन बिताउन सक्षम भएकोछु।"

यस प्रक्रियामा, बचत तथा ऋण सहकारीहरूले बचत बानीको विकास, वित्त र लगानीमा पहुँचको माध्यमबाट गरिबी निवारणमा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ। बचत तथा ऋण सहकारीहरू पछि क्रमशः कृषि सहकारीहरू, बहुउद्देश्यीय सहकारीहरू, र उपभोक्ता सहकारीहरू र अन्य सहकारीहरूको विभिन्न तवरले जनतामा उच्च प्रभाव रहेको पाइयो। उत्तरदाताहरूको धेरै सङ्ख्यामा बचत तथा ऋण सहकारी सदस्यहरू थिए त्यसैले यो प्रभावमा सबै सहकारीको उत्तिकै प्रतिनिधित्व नहुन सक्छ।

यसको विपरीत, गुणात्मक अध्ययनले सहकारीहरूसँग रहेका केही समस्याहरूको प्रभावका बारेमा मूल्याङ्कनको रूपमा भनेको छ: "सहकारीलाई गरिब सम्म पुग्नको लागि आम मानिसहरूलाई सहकारी अभियान वास्तवमा के हो भनेर सिकाउनु जरुरी छ। "

"धेरै सहकारी राम्रो व्यवस्थापन छैन र यिनीहरू सहकारी उद्देश्यहरूको को अनुसरण गर्दैनन्।"

"सरकारले सहकारीका सदस्यहरूलाई तालिम प्रदान गर्न सहकारीसगँ गठबन्धन बनाउनु पर्छ जसले उनीहरुलाई उन्नति गर्न र नयाँ उद्यमी अवसरहरू सिर्जना गर्न सहज होस।

"केही सहकारीले व्यवस्थापन समिति परिवारको सदस्यहरूले भरेका छन्।यी सहकारीहरूको काम अर्काको पैसा चलाउनु मात्र हो। "

यी तथ्यहरूले " गरिबी निवारणको लक्ष हासिल गर्न सहकारीहरूले सामना गर्नु पर्ने चुनौतीहरू के के हुन्? " भन्ने तेस्रो अनुसन्धान प्रश्नको उत्तर दिन्छ। धेरै सम्भावना, सही स्थिति र पर्याप्त आवृत्त क्षेत्रका बाबजुद पनि पहाडी क्षेत्रहरू, अल्पसङ्ख्यक समुदायहरू, पिछडिएका क्षेत्रका जनताहरूको लागि सहकारीहरूले निम्न चुनौतीहरूको सामना गर्नुपरेको छ: १) सहकारी समाज सहितका वर्तमान सदस्यहरूमा उचित शिक्षा र सञ्चालन मोडेल बारेमा ज्ञानको अभाव छ। २) कर्मचारीहरूलाई सञ्चालन र व्यवस्थापनमा उचित तालिमको अभाव छ ३) सहकारीहरूको सुपरिवेक्षण र सहयोग गर्ने जिम्मा पाएका स्थानीय निकायमा ज्ञान र विशेषज्ञताको अभाव छ ४) प्रदेश १ र २ का पहाडी क्षेत्रहरू संग सम्बन्धित सबै सहकारीहरूमा लेखा, अनुपालन र लेखा परीक्षण सम्हाल्न सक्षम जनशक्तिको अभाव छ ५) प्रशासन संरचनामा मार्गदर्शन, अनुगमन र नियन्त्रण सम्बन्धी ठोस मार्गदर्शनको अभाव छ।

प्रमुख निष्कर्षहरु संग पुनरावृत्ति गर्न, यस प्रकारमा सारांशित गर्न सकिन्छ

१. सहकारी अभियानमा सामेल हुने अपेक्षाहरु बचत, ऋण, आर्थिक सशक्तीकरण, सामाजिक सशक्तिकरण, र ब्यबसाय ब्यबस्थापन कौशल हुन्।
२. अधिकांश सदस्यहरु साक्षर र एसएलसी तह पढेका छन्, उनीहरुको आफ्नै घर छ, आफ्नै सवारी साधन छ, खाना पकाउनको लागी ग्यासको प्रयोग गर्दछन्, उनीहरु सगँ स्थायी शौचालय छ, र टेलिभिजन, मोबाइल, र फ्रिज जस्तै आधुनिक प्रविधिको उपयोग गर्दछन् ।सहकारीहरुले मानिसहरुको जीविकोपार्जनमा सुधार गर्न सक्षम भएकाछन्। उनीहरुको सम्पत्ति र जीवन स्तरको सन्दर्भमा पर्याप्त धनी बढाउन र मध्यम आय भएका मानिसहरु घटाउँन सेवा गरी रहेको सङ्केत गर्दछ, यद्यपि उनीहरुको शिक्षाको स्तर भने कमजोर छ।

३. धेरै मामिलामा प्रदेश २, प्रदेश १ भन्दा पछाडि छ। कम्पोजिट एमपीआई विश्लेषणले यसलाई समर्थन गर्दछ जसलाई पहिले नै प्रदेश १ र २ मा गरीबी स्तरको व्यापकताको रुपमा व्याख्या गरीएको छ। तथापि, त्यहाँ धेरै समूहहरु छन्।

४. धेरै चुनौतिहरु र अवरोध कारकहरु (आन्तरिक, बाह्य र संरचनात्मक) को सामना गर्न र धेरै उच्च लक्ष्यहरुमा योगदान बढाउन यसको प्रभावकारितामा सुधार गर्नु आवश्यक छ।

यस बीच, सहकारी को मुख्य प्रभाव यस प्रकार छन्

१. अधिकांशले बचत बढाएका छन्, नयाँ ब्यबसायको लागी सहयोग पाएका छन्, आम्दानी र लगानीमा वृद्धि भएकोछ, जागिर पाउन मद्दत प्राप्त भएको छ, साथै स्वास्थ्य र शिक्षा को उपयोग बढेको छ।

२. निर्णयमा सशक्तीकरण बाहेकको धेरै जसो मामिलामा प्रदेश २ अवस्थामा राम्रो छ। प्रदेश २ का महिलाहरु अवस्था प्रदेश १ को भन्दा राम्रो छन।

३. कृषि र दुग्ध सहकारीका उत्तरदाताहरुले सहकारीबाट राम्रो सहयोग पाएका छन्।

४. आफ्ना अपेक्षाहरु पूरा गर्न सहयोग गरेकोमा सहकारी संग यसका सदस्यहरु सन्तुष्ट छन्।

५. जातीयताको आधारमा, ब्राह्मण/क्षेत्री र जनजातिहरु बढि सन्तुष्ट छन्।

६. सहकारीले प्रदेश १ र २ मा जनताको जीविकोपार्जनमा सुधार र गरिबीको स्तर घटाउन सक्दछ।

## ५.२ निष्कर्ष र सुझाव

सहकारीहरुले सदस्यहरुको आर्थिक र सांस्कृतिक सशक्तिकरणको अपेक्षाहरु लाई पूरा गर्नुका साथै गरिबी निवारणमा सहयोग पुर्याउन महत्वपूर्ण भूमिका खेलेका छन्। पहुँचको मामला मा,

सहकारीहरुले दुबै औसत र कम मध्यम आय भएका मानिसहरु लाई सेवा गरेका छन्। लिङ्ग र जातीयताको आधारमा यो अझै पिरामिड क तल सम्म पुग्न सक्षम भएको छैन। विविधताको सन्दर्भमा, सहकारीहरुले ब्राह्मण/ क्षेत्री र जनजातिहरुलाई राम्रो संग सहयोग गरेका छन्। यद्यपि उनीहरुले अझै पनि दलित र अल्पसंख्यक समूहहरुको अपेक्षा पूरा गर्न सकेकाछैनन्।

गरिबीको बहुआयामिक प्रकृतिलाई ध्यानमा राखी सहकारीले गरिबी निवारणमा महत्त्वपूर्ण भूमिका खेल्छन्। सामुदायिक स्तरमा सहकारीको प्रभावले सहकारीका सदस्यहरू बिच गरिबीको स्तर घटाएको छ। तैपनि, एसडीजी १- गरिबीमा सुधार ल्याउन राज्य स्तरमा सुधारका सहकारी नीति कार्यान्वयनको ग्यारेन्टी, व्यावसाय र सुशासन, सहकारी शिक्षा, सरकारी अनुगमन र मूल्याङ्कन, र सहकारी सुदृढीकरणका गर्नु आवश्यक छ भन्ने तथ्य अध्ययनको निष्कर्षले देखाउँछ।

सरकारले गरिबी घटाउन सहकारीहरूको क्षमता सुदृढ बनाउने भूमिका खेल्न सक्छ। देशले गरिब परिवारहरूको हितको रक्षा गर्न विशेष संस्थागत व्यवस्थाहरू स्थापित गर्न र यहाँ भित्रको "अभिजात वर्ग कब्जा" लाई रोक्न, सहकारीहरूलाई प्रवर्द्धन गर्नु पर्दछ। यसबाहेक, यस अध्ययन द्वारा प्रस्तुत गरिएका आन्तरिक कमजोरीहरूलाई सबैभन्दा राम्रो आन्तरिक प्रशासनको माध्यमबाट हल गरी गरिबीको रेखामा रहेका जनसमूहहरूलाई समावेशीकरण गर्नको निम्ति सुझाव दिएको छ। सहकारी महासंघले सदस्यहरूको स्वामित्वमा जागरूकता ल्याउन सक्दछ। उनीहरूमा सुधार ल्याउन, सहकारीको दैनिक उत्पादन, सञ्चालन, व्यवस्थापन र पर्यवेक्षणमा सक्रिय रूपबाट भाग लिन र सहकारीहरूसँग चासो राख्ने घनिष्ठ समूह गठन गर्नको लागि प्रोत्साहित गरिनु पर्छ। अन्त्यमा, "**सबैका लागि सहकारी शिक्षा**" नेपालमा गरिबी कम गर्न र आगामी दशक लागि मार्ग प्रशस्त गर्ने लक्ष हुन सक्दछ।

### ५.३ भावी अध्ययनका लागि सुझाव

यस अध्ययनले गरिबी न्यूनीकरणका लागि सहकारी अभियानमा भविष्यमा सुधारको लागि निम्न सुझावहरू प्रदान गर्दछ।

क. ग्रामीण क्षेत्रमा सेवा बढाउनेः वित्त, स्वास्थ्य र शिक्षामा जनताको पहुँच सुधार गर्न सहकारीहरू धेरै गरिब बसोबास गर्ने ग्रामीण स्तर सम्म पुग्नै पर्छ।

ख. नियमन बढाउनेः सहकारीको प्रशासकीय निकायले गैर कानुनी अभ्यासको जाँच गर्न र दोषीहरूलाई कानुनको दायरामा ल्याउन नियमन बढाउनु पर्छ। गलत धारणालाई कम गर्न र केही खराब सहकारीहरूको कारण सहकारीहरू प्रति बढेको नकारात्मकतालाई कम गर्न नियमन बढाउनु पर्छ।

ग. सहकारी साक्षरता बढाउनेः सहकारी साक्षरतालाई विद्यालय शिक्षा प्रणालीमा नै राखेर सुधार गर्नु पर्छ। अन्ततः यसले सहकारी अभियानलाई सफल पार्न सहयोग गर्दछ।

घ. भुक्तानी स्थानान्तरणको प्रावधानः गरिबहरूलाई दिइने सरकारी अनुदानहरूको भुक्तानी स्थानान्तरण बैङ्कहरूको सट्टा, जनता सम्म सहज पहुँच भएका सहकारीहरू मार्फत गरिनु पर्छ।

ङ. प्रभावकारी सहयोग प्रणाली बनाउनेः विद्यमान सहकारीहरूको समग्र दक्षताको लागि सूचना, प्रविधि, कार्यक्रम, विलय र अधिग्रहणको संस्कृति सहितको राम्रो सहयोग प्रणालीले सम्रग सहकारीहरुमा योगदान पुर्याउछ।

च. दर्ता गर्नु भन्दा पहिले नीतिमा प्रस्ट गर्नेः दर्ता अनुमोदन अघि सहकारी संस्थापकहरूमा यसको दृष्टिकोण, लक्ष्य र उद्देश्य बारेमा पूर्ण स्पष्टता हुनु आवश्यक छ। यसले संस्थापक टोलीलाई शुरु मै प्रशासन र सञ्चालनको दायरा बुझ्न मद्दत गर्दछ।

# सन्दर्भ सुची


Afranaa Kwapong, N., &Hanisch, M. (2013). Cooperatives and Poverty Reduction: A Literature Review. *Journal of Rural Cooperation*, *41*(2), 114–146.

Alkire, S., and Foster, J. (2019). Counting and multidimensional poverty measurement. *Journal of \Public Economics*, *95*(78), 476-487.

Bharadwaj, B. (2012). Roles of Cooperatives in Poverty Reduction: A Case of Nepal. *Administration and Management Review*, *24*(1), 120–139.

Camargo Benavides, A. F., &Ehrenhard, M. (2021). Rediscovering the Cooperative Enterprise: A Systematic Review of Current Topics and Avenues for Future Research. *Voluntas*. https://doi.org/10.1007/s11266-021-00328-8

Government of Nepal. (2020). Economic Survey 2019/20. *Ministry of Finance*, 1–144. https://mof.gov.np/uploads/document/file/Economic Survey 2019_20201125024153.pdf

Government of Nepal.(2020). SahkariJhalak 2077. *Ministry of Land Management, cooperative and Poverty.* *https://deoc.gov.np/downloadfile/sahakari%20jhalak,%202077_nep_1612089734.pdf*

Hannan, R. (2014). *Cooperative governance: Pathways to poverty reduction? The case of Kenya*.

ICA. (2008). *The rochdale pioneers*. https://www.ica.coop/en/cooperatives/history-cooperative- movement.

ICA. (2020). *Mapping : Key figures. national report : Nepal*.

Mazzarol, T. (2009). A discussion paper and literature review: corporate enterprise. In *Cooperatives WA* (Issue February). https://cemi.com.au/sites/all/publications/0901-COOPS- WA-LIT-REVIEW.pdf

Price, L. L., & Booth, C. (1896). Life and Labour of the People in London. *The Economic Journal*, *6*(24), 602. https://doi.org/10.2307/2957200

Risal, N. (2021). *Role of cooperatives for sustainable livelihood in Bagmati Province , Nepal .2048*.

Sapovadia, V. K. (2016). Development redefined: Cooperatives as Business Entity. *SSRN Electronic Journal*. https://doi.org/10.2139/ssrn.2737300

Seebohm Rowntree. (1901). Poverty, A Study of Town Life. In *Macmillan and Co.* https://doi.org/10.1080/02673037.2012.617908

Sen, A. (2007). Capability and well-being. *The Philosophy of Economics: An Anthology*, 270–294. https://doi.org/10.1017/CBO9780511819025.019

Sharma, M. (2020). Role of Cooperatives in Poverty Alleviation of Rural Farmers in Nepal : Empirical Evidences. *International Journal of Graduate Research and Review. Vol*, *6*(1), 5– 10. http://ijgrr.org/vol_6/Sharma_6.1.pdf

Sharma, N., Simkhada, N. R., & Shrestha, R. (2005). *Impact Assessment of Four SACCOS in the Hill Districts of Nepal.*

Simkhada, N. R. (2013). Problems and prospects of the cooperative sector in Nepal for promoting financial inclusion. *Enterprise Development and Microfinance*, *24*(2), 146–159. https://doi.org/10.3362/1755-1986.2013.014

Sizya, M. . (2001). The role cooperatives play in poverty reduction in Tanzania. *Paper Presented at the United Nations in Observance of the International Day for the Eradication of Poverty on October 17 2001*, *October*.

Sumelius, J., Tenaw, S., Bee, F., Chambo, S., Machimu, G., &Kumburu, N. (2013). *Cooperatives as a Tool for Poverty Reduction and Promoting Business in Tanzania*.

Townsend, P. (1979). Poverty in the United Kingdom. *Poverty in the United Kingdom*. https://doi.org/10.1525/9780520325760

Wooldridge, J. M. (2015). *Introductory econometrics: A modern approach*. Cengage learning.

Xinhuanet. (2021). *COVID-19 could push nearly one-third of Nepal's population below poverty line: World Bank repor*. http://www.xinhuanet.com/english/2020-07/23/c_139235741.htm

# एनेक्स १

## प्रमुख सूचनादाताहरु को लागी साक्षात्कार गाइड

**साक्षात्कारकर्ताको कोड:**

- लिङ्ग:
- उमेर:
- साक्षात्कारकर्ताको प्रकार: साक्षात्कारको स्थान: साक्षात्कारको मिति:
- साक्षात्कारको अवधि:

**जानकारी दिनेको पृष्ठभूमि**

- उमेरः
- लिङ्ग:
- पेशाः
- के उहाँयस क्षेत्रका व्यक्ति हुन् कि हैनन्
- कति लामो समय देखि उहाँ प्रासंगिक क्षेत्रमा काम गरीरहनुभएको छ
- उहाँको पेशा (काम संग सन्तुष्ट छ वा छैन) र कारणहरु बारेमा प्रतिकोको दृष्टिकोण
- जानकारी दिनेको यस भईरहेको अनुसन्धान क्षेत्र बारेमा ज्ञान (भौगोलिक पृष्ठभूमि)

**अनुसन्धान क्षेत्रमा बस्ने मानिसहरुको सामान्य जानकारी**
**आर्थिक गतिविधिहरु**

- यस क्षेत्रका जनताहरुको प्राथमिक आय स्रोत
- यस क्षेत्रका ग्रामीण/जनताको अतिरिक्त आय आर्जन गतिविधिहरु
- एक परिवारको औसत मासिक आय
- यस क्षेत्रमा रोजगारीको अवसर
- के उनीहरु पर्याप्त आम्दानी गर्छन्
- गाउँ बाहिर संलग्न रहेका मानिसहरुको रोजगारी अवसरका प्रकार
- जानकारीदाताको धारणा ग्रामीण भेगका मानिसहरुको मासिक आय (पर्याप्त/अपर्याप्त)

सूचनादाताको सहकारीबाट जनताको लागि भएका कार्यक्रम क्षेत्रहरु/सेवा क्षेत्रहरुको प्रकार (सहकारीहरु कसरी काम गरीरहेको छन्**?**)

- कार्यक्रम/प्रशिक्षण को नाम

- कार्यक्रम/प्रशिक्षण/सेवाहरुको प्रकृति
- गरीब जनताको लागि यस क्षेत्रमा भएका विशेष कार्यक्रमहरु/सेवाहरु/ध्यानाकर्ष्णहरुका प्रकार
- लाभार्थीहरुको छनौट विधि
- यस प्रकारका कार्यक्रम/सेवाहरु सञ्चालन गर्नुका कारणहरु
- यस प्रकारका कार्यक्रमहरु/सेवाहरु को समय अवधि
- यस प्रकारका कार्यक्रम/प्रशिक्षणहरुको लागत
- यस्तो कार्यक्रम/प्रशिक्षण/सेवाहरु प्रदान गर्ने अपेक्षाहरु
- प्रशिक्षणको सफलता वा असफलता
- सफलता वा असफलताका कारणहरु

सहकारीले जनताको जीवन र आयमा सुधार ल्याउन कसरी मद्दत गरेको छ?

**जानकारीदाताको गरिबीको बारेमा आफ्नै विचार (सहकारी भविष्यमा स्थिति सुधार गर्न के गर्न सकिन्छ।)**

- उनीहरुको गरिबीको कारणहरु
- गरिबीको बारेमा जनताको भावना
- गरिबी उन्मूलनका तरिकाहरु

- मानिसहरुले आफ्नो गरीबीबाट बाहिर निस्कन कस्तो प्रक्रिया र प्रयास गर्छन्?
- गरिबी बाट बाहिर निस्कन प्रयास गर्नेको दृष्टिकोणमा, समस्यालाई पार गर्नको लागि महत्वपूर्ण अवरोधहरु के हुन्?
- सरकारको नीति र वर्तमान गरीबी उन्मूलन कार्यक्रम बारे तपाइँ के सोच्नुहुन्छ?
- सहकारीले भविष्यमा गरिबी घटाउन आफ्नो भूमिकालाई कसरी सुधार गर्न सक्छ?

**सफलताका कथाहरु (सहकारीहरुको सदस्यता/ प्रशिक्षण/ कार्यक्रमहरुको कारण गरीबीको स्थितिबाट जितेका मानिसहरुको बारेमा) (सहकारीमा संलग्नताको कारण गरीबी घटाउन सफलहरु)**

- गरिबी बाहिर निस्कन सफल परिवारहरुको विवरण
- उनीहरुको सफलताको कारणहरु
- यस्तो परिवारहरुको वर्तमान स्थिति
- तिनीहरूको स्थिरता वा सामार्थ

- कसरी अन्यले (अझै सफलता प्राप्त गर्न सकेन) पनि सहकारीमा संलग्न हुनु पर्छ? (जानकारी दिनेको विचार)

**जानकारीदाताको गरिबीको बारेमा आफ्नै विचार (सहकारी भविष्यमा स्थिति सुधार गर्न के गर्न सकिन्छ।)**

- उनीहरुको गरिबीको कारणहरु
- गरिबीको बारेमा जनताको भावना
- गरिबी उन्मूलनका तरिकाहरु
- मानिसहरुले आफ्नो गरीबीबाट बाहिर निस्कन कस्तो प्रक्रिया र प्रयास गर्छन्?
- गरिबी बाट बाहिर निस्कन प्रयास गर्नेको दृष्टिकोणमा, समस्यालाई पार गर्नको लागि महत्वपूर्ण अवरोधहरु के हुन्?
- सरकारको नीति र वर्तमान गरीबी उन्मूलन कार्यक्रम बारे तपाइँ के सोच्नुहुन्छ?
- तपाइँको बिचारमा हामीले (सहकारी) कसरी ग्रामीण गरिबी निवारण गर्न सक्छौं?

# एनेक्स २

## लक्षित समूह छलफल निर्देशिका

यस अध्ययनको लक्षित समूह छलफल तलका प्रश्नहरुको सेरोफेरोमा रहेको छः

१. तपाइँ गरिबीलाई कसरी परिभाषित गर्नुहुन्छ?

२. गरिबी निम्त्याउने कारकहरु तत्वहरु के के हुन्?

३. गरिबी उन्मूलनमा सहकारीको भूमिका के हो?

४. सहकारीमा विश्वासको स्तर के हो?

५. सहकारीले सामना गरिरहेका मुख्य चुनौतीहरु के के हुन्?

६. सहकारीले गरिबहरुलाई सम्बोधन गर्न केहि गतिविधिहरु को नाम बताउनुहोस्?

७. सहकारीहरुले गरीबहरुलाई सहयोग पुऱ्याउनको लागी लिइएका अद्वितीय र सान्दर्भिक पहलहरु के हुन्?

८. सहकारीले सामाजिक रुपान्तरणको लक्ष्य पूरा गर्न सघाउने कारक तत्वहरु के के हुन्?

९. गरिबी न्यूनीकरण र सामाजिक रुपान्तरणका लागि भावी योजनाहरु के के छन्?

# एनेक्स ३

# मापन मेट्रिक्स

## गरिबी स्तर

**उत्तरदाताको गरीबी स्तर निम्न तवरले गणना गरिनेछ।**

**A.** परिवारको शैक्षिक अवस्था **(Q no. 2.2)**

| सि. नं. | शैक्षिक अवस्था | महिला | पुरुष | अन्य |
|---|---|---|---|---|
| १ | निरक्षर ० | | | |
| २ | साक्षर १ | | | |
| ३ | SLC/ SEE २ | | | |
| ४ | प्रवीणता प्रमाणपत्र स्तर ३ | | | |
| ५ | स्नातक ४ | | | |
| ६ | स्नातकोत्तर वा सो भन्दा माथि ५ | | | |

गणना (० बाट ५: निरक्षर देखि साक्षर सम्म)

१. सबै सदस्यहरुको माध्यमिक शैक्षिक स्तर

२. पुरुषहरुको माध्यमिक शैक्षिक स्तर

३. महिलाहरुको माध्यमिक शैक्षिक स्तर

**B.** घरको स्वामित्वको प्रकृति **(Q no. 5.1)**

| विवरण | कुल |
|---|---|
| ऐलानी | 0 |
| बाहाल | 1 |
| निजी र पुर्खौली | 2 |
| निजी र सदस्यता अघि खरिद | 3 |
| निजी र सदस्यता पछि खरिद | 4 |

**C.** घरको अवस्था

**C.1** घरको भित्ता **(Q no 5.1)**

| विवरण | कुल |
|---|---|
| माटो | १ |
| ढुंगा | २ |
| ईटा | ३ |

**C.2** घरको छानो **( Q no 5.2)**

| विवरण | कुल |
|---|---|
| पराल | १ |
| टाइल | २ |
| टिन/जस्ता पाता | ३ |
| सिमेन्ट | ४ |

**C.3** शौचालय **( Q no 5.3)**

| विवरण | कुल |
|---|---|
| शौचालय छैन | ० |
| अस्थायी शौचालय | १ |
| स्थायी शौचालय | २ |

**C.4** घरायसी सामानहरू **( Q no 5.4)**

| विवरण | कुल |
|---|---|
| रेडियो | १ |
| टेलिभिजन | २ |
| फ्रिज | ३ |
| टेलिफोन | ४ |
| मोबाइल | ५ |
| कम्प्यूटर | ६ |

** while calculating the score: Calculate total and divide by 21 and multiply by 5.*
*For example if a household has Radio, Television and Mobile then score is 1+2+5 =8/21 *5 = 1.90*

**C.5** यातायातका प्रकार **( Q no. 5.5)**

| विवरण | कुल |
|---|---|
| सार्वजनिक यातायात २. ( ) ३. ()४. | १ |
| साइकल | २ |
| मोटरसाइकल | ३ |
| निजी चार चक्के सवारी साधन | ४ |

**C.6** ईन्धन र प्रकाश **( Q no 5.6)**

| विवरण | कुल |
|---|---|
| गोबर गुइठा | १ |
| दाउरा | २ |
| मट्टितेल | ३ |
| ग्यास | ४ |
| विद्युत | ५ |

<u>Calculation of Condition of Home:</u>

Calculate Score of each C.*

Calculate Average Score: [(C.1 +C.2 +C.3+C.4+C.5+C.6)/(3+4+2+5+4+5)] *5

= [(C.1 +C.2 +C.3+C.4+C.5+C.6)/23] *5

**E. Final Calculation**

Final Poverty Level Index = (Score of A +Score of B +Score of C)/(5+4+5)

= (Score of A +Score of B +Score of C)/14

Final Poverty Index value will range from 0 to 1

१. सहकारी प्रभाव

| विवरण **( Q. No 6)** | कुल | |
|---|---|---|
| | हो | होईन |
| व्यवसायमा सहयोग | 1 | 0 |
| आम्दानीमा वृद्धि | 1 | 0 |
| काम प्राप्त गर्न सजिलो | 1 | 0 |
| वैदेशिक रोजगारमा जान सहयोग | 1 | 0 |
| बचत बढाउन सहयोग | 1 | 0 |
| उपभोग क्षमतामा वृद्धि | 1 | 0 |
| व्यावसाय दक्षता बढाउन | 1 | 0 |
| निर्णय लिने प्रक्रियामा वृद्धि | 1 | 0 |
| बच्चाहरुलाई सधै स्कूल जान सहयोग | 1 | 0 |

**Calculation of Impact: Calculate average score**

# एनेक्स ४

# गरिबी न्यूनीकरणमा सहकारीको प्रभाव

## प्रदेश १ र २

### सहकारी सदस्यहरूको लागि प्रश्नावली

उत्तरदाताको सामान्य जानकारी:मिति:

१.१सहकारी समाजको नाम र ठेगाना ..........................................

१.२सदस्यको नाम (उत्तरदाता) ................................................

१.३लिङ्ग: महिला ( ) पुरुष ( )अन्य( )

१.४ठेगाना: .............................................

१.५उमेर: ......... ...वर्ष

१.६सदस्यको रुपमा रहेको समय: ............ वर्ष ............ महिना

१.७सम्पर्क नम्बर: ............ .....

१.८ शिक्षा:

१. निरक्षर( ) २. साक्षर ( ) ३. SLC / SEE ( ) ४. प्रवीणता प्रमाणपत्र स्तर( )

५. स्नातक ( )६. स्नातकोत्तर वा सो भन्दा माथि ( )

१.९ पेशा :

१. कृषि ( ) २. उद्योग / व्यवसाय ( ) ३. घरेलुकाम ( ) ४. अन्य ( )

१.१० जातीयता:

१. ब्राह्मण / क्षेत्री ( ) २. दलित ( ) ३. जनजाति ( ) ४. धार्मिक ५.अल्पसंख्यक ( )

१.११ सहकारीमा तपाईको तलका दिएका कुनै जिम्मेवारी छ?

शेयरसदस्य ( ) २. संचालाक समिति ( )

३. लेखासुपरीक्षणसमिति ( )४. उपसमिति ( ) ५. अन्य ( )

२. सदस्यको पारिवारिक अवस्था:

२.१ परिवारको उमेर अवस्था:

| सि. नं. | उमेर समूह | महिला | पुरुष | अन्य | कुल |
|---|---|---|---|---|---|
| १ | ०-४ वर्ष | | | | |
| २ | ५-१५ वर्ष | | | | |
| ३ | १५-५९ वर्ष | | | | |
| ४ | ६० वर्ष र भन्दा माथिको | | | | |

**२.२ परिवारको शैक्षिक अवस्था:**

| सि. नं. | शैक्षिक अवस्था | महिला | पुरुष | अन्य | कुल |
|---|---|---|---|---|---|
| १ | निरक्षर | | | | |
| २ | साक्षर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | SLC/ SEE | | | | |
| ४ | प्रवीणता प्रमाणपत्र स्तर | | | | |
| ५ | स्नातक | | | | |
| ६ | स्नातकोत्तर वा सो भन्दा माथि | | | | |

२.३पारिवारिक पेशा:

| सि. नं. | पेशा | महिला | पुरुष | अन्य | कुल |
|---|---|---|---|---|---|
| १ | कृषि | | | | |
| २ | उद्योग \व्यावसाय | | | | |
| ३ | घरेलु काम | | | | |
| ४ | बैदेशिक कमाइ | | | | |
| ५ | ज्यालादारी | | | | |
| ६ | अन्य | | | | |

३. आय स्रोत (पछिल्लो वर्षको):

३.१ तपाईंको परिवारले कति जमिनमा खेती गरेको छ? (कठ्ठामा)

| जमिन | हाल | | सदस्यता हुनुभन्दा पहिले | |
|---|---|---|---|---|
| | आवासियजमिन | खेती गरिएको जमिन | आवासिय जमिन | खेती गरिएको जमिन |
| आफ्नै जग्गा | | | | |
| भाडामा रहेको जमिन | | | | |
| भाडाको जमिन | | | | |

३.२ तपाईका अन्य विभिन्न आय स्रोतहरू के के हुन्?

| सि. नं. | आय स्रोतहरू | हालकोआय स्रोत | सदस्यता हुनु भन्दा पहिलेको आयस्रोत |
|---|---|---|---|
| १ | कृषि | | |
| २ | पशुपालन | | |
| ३ | घरेलु काम | | |
| ४ | बैदेशिक कमाइ | | |
| ५ | व्यावसाय | | |
| ६ | उद्योग | | |
| ७ | दैनिक ज्यालादारी | | |
| ८ | उपदान | | |
| ९ | बाहाल | | |
| १० | ब्याज | | |
| ११ | कमिसन | | |
| १२ | अन्य | | |
| | कुल आय (रु) | | |

३.३ऋण र निर्भरता प्रतिशतको अवस्था के छ?

| ऋणका स्रोतहरू | वर्तमान | सदस्यता हुनु भन्दा पहिले |
|---|---|---|

| | ऋण लिएको पैसा | कुल ऋणको निर्भरता प्रतिशत | ऋण लिएको पैसा | कुल ऋण को निर्भरता प्रतिशत |
|---|---|---|---|---|
| सहकारी | | | | |
| बैंक | | | | |
| व्यक्ति | | | | |
| कुल | | — | | — |

नोट: १ = ०-२५%, २ = २-५०%, ३= ५१-७५%, ४= ७६-१००%

**४. खर्च विवरण :(पछिल्लो वर्ष)**

४.१गैर खाद्य वस्तुहरूमा औसत मासिक-खर्च:

| सि. नं. | वस्तुहरू | वर्तमान (रु) | सदस्यता हुनु भन्दा पहिले (रु) |
|---|---|---|---|
| १ | खाद्य वस्तुहरू | | |
| २ | कपडा | | |
| ३ | शिक्षा | | |
| ४ | स्वास्थ्य सेवा | | |
| ५ | जुत्ता / चप्पल | | |
| ६ | ईन्धन\ दाउरा\ ग्यास | | |
| ७ | चाडपर्व समारोह | | |
| ८ | यातायात | | |
| ९ | बिजुली | | |
| १० | सञ्चार | | |
| ११ | पिउने पानी | | |
| १२ | दान\ चन्दा | | |
| १३ | घरेलु उपकरण | | |
| १४ | ग्याजेटहरूको मर्मत | | |
| १५ | धूम्रपान / मदिरा | | |
| १६ | अन्य | | |

**५. गरीबी अवस्थाको विश्लेषण:**

५.१घरको स्वामित्वको प्रकृति:

i. ऐलानी ii. बाहाल iii. निजी

५.१.१यदि निजी स्वामित्वको छ भने

i. पुर्खोली ii. सदस्यता अघि खरिद iii. सदस्यता पछि खरिद

५.२घरको अवस्था:

५.२.१तपाईको घरको भित्ता के बाट बनेको छ?

१. माटो () २. ढुंगा () ३. ईटा ()

५.२.२. तपाईको घरको छानोके बाट छाएको छ?

१. पराल ( ) २.टाइल ( ) ३. जस्ता ( ) ४.सिमेन्ट ( )

५.२.३तपाईको घरमा कति वटा कोठा छन्? .................

५.३तपाईको घरमा कस्तो प्रकारको शौचालय छ?सहीमा(√) चिन्हको प्रयोग गर्नुहोस।

| अवस्था | वर्तमान | सदस्यता हुनु भन्दा पहिले |
|---|---|---|
| शौचालय छैन | | |
| अस्थायी शौचालय | | |
| स्थायी शौचालय | | |

५.४तपाईको घरमा कस्ता प्रकारका घरेलु सामानहरूको प्रयोग गरिन्छ?

१. रेडियो ()२ टेलिभिजन () ३ फ्रिज ()४ टेलिफोन () ५ मोबाइल() ६ कम्प्यूटर )

५.५तपाईंकुन प्रकारको यातायातका साधनहरू प्रयोग गर्नुहुन्छ?

१. सार्वजनिक यातायात २. साइकल ( ) ३.मोटरसाइकल ()४. निजी सवारी साधन, (कार, जिप)()

५.६तपाईको घरमा खाना पकाउन कुन किसिमका ईन्धनहरुको प्रयोग हुन्छ?

१. गोबर गुइठा ( ) २. दाउरा ( ) ३.मट्टितेल ( ) ४. ग्यास ( )५.विद्युत ( )

**६. सहकारीको प्रभाव**

६.१सहकारीमा सदस्य भएर, तपाईंको व्यक्तिगत र पारिवारिक जीवनमा के कस्ता निम्न आर्थिक परिवर्तनहरू भएका छन?सहीमा(√) चिन्हको प्रयोग गर्नुहोस।

| सि. नं. | आर्थिक परिवर्तनहरू | हो | होईन |
|---|---|---|---|
| १ | के यसले तपाईलाई नयाँ व्यवसायका लागि सहयोगगर्यो? | | |
| २ | के तपाईले यसबाट ब्यापारमा लगानी गरी आफ्नो आम्दानीलाई वृद्धि गर्नुभयो? | | |
| ३ | के घरेलु काम प्राप्त गर्न सजिलो भएकोछ? | | |
| ४ | के यसले वैदेशिक रोजगारमा जान सहयोग पुऱ्यायो? | | |
| ५ | के यसले बचत बढाउन सहयोग गर्यो? | | |
| ६ | के यसले तपाइको स्वास्थ्य, शिक्षा, यातायात, सञ्चार जस्ता सार्वजनिक सेवा आदिको उपभोग क्षमतामा वृद्धि भएको छ? | | |

६.२सहकारीको सदस्य भएर, के तपाईको परिवारमा निम्न परिवर्तनहरू भएका छन?सहीमा(√) चिन्हको प्रयोग गर्नुहोस।

| सि. नं. | परिवर्तनहरू | छ | छैन |
|---|---|---|---|
| १ | यसले तपाईंको परिवारको सदस्यको व्यावसाय दक्षता बढाउन सहयोग गरेको छ? | | |
| २ | यसले घरमा सबै सदस्यहरूको निर्णय लिने प्रक्रियामा वृद्धि भएको छ? | | |
| ३ | यसले बच्चाहरुलाई सधै स्कूल जान सहयोगगरेकोछ? | | |

**७. निम्न विषय र संलग्नता बारेमा तपाईको उपलब्धि के हो?**

७.१कुन उद्देश्यका लागि तपाई यस सहकारी समाजमा प्रवेश गर्नुभयो?सहीमा(√) चिन्हको प्रयोग गर्नुहोस।

| सि. नं. | उद्देश्यहरु | सहीमा(√) चिन्ह |
|---|---|---|
| १ | बचतका लागि | |
| २ | ऋण लिनका लागि | |
| ३ | विभिन्न समुदाय बीच आपसी सामाजिकताका लागि | |
| ४ | सशक्तिकरण र नेतृत्व विकास | |
| ५ | आर्थिक स्तर र ब्यापार ज्ञानको सुधार | |
| ६ | बजार व्याबस्थापन गर्न | |
| ७ | बिउ, मल खाद प्राप्त गर्न | |
| ८ | मलाई थाहा छैन | |

७.२यस सहकारी संस्थाको सदस्य बन्न तपाईंलाई कसले प्रेरित गर्नुभयो?सहीमा(√) चिन्हको प्रयोग गर्नुहोस।

| सि. नं. | प्रेरित | सहीमा(√) चिन्ह |
|---|---|---|
| १ | सहकारी सदस्यबाट | |
| २ | सरकारी संगठनबाट | |
| ३ | नातेदार / छिमेकीबाट | |
| ४ | गैरसरकारी संगठनबाट- | |
| ५ | स्वयं स्वेच्छाले | |

७.३के तपाई सहकारीमा प्रवेश गरेपछि तपाईको अपेक्षहरु पूरा गर्नुभयो?

छ () छैन()

७.४तपाई सहकारीको कुन कुन कार्यक्रममा संलग्न हुनुहुन्छ?

१.वार्षिक साधारण सभा( ) २. कार्यकारी बैठक ( )

३. सहकारी शिक्षा र प्रशिक्षण ( ) ४ कुनै पनि गतिविधिमा संलग्न छैन ( )

५ अन्य ( )

७.५सहकारीमा समावेश रहेर तपाईंले कुन कुन क्षेत्रबाट लाभ प्राप्त गर्नुभयो?सहीमा(√) चिन्हको प्रयोग गर्नुहोस।

| सि. नं. | लाभ प्राप्त भएको क्षेत्र | सहीमा(√) चिन्ह |
|---|---|---|
| १ | आर्थिक वृद्धि र विकास | |
| २ | नेतृत्व विकास | |
| ३ | सामाजिक सहभागितामा वृद्धि | |
| ४ | सशक्तिकरण | |
| ५ | बिभिन्न जातीयबीच पारस्परिक सामाजिकता | |
| ६ | साझेदारी भावना | |
| ७ | आर्थिक स्तरमा सुधार गर्न | |

| | | |
|---|---|---|
| ८ | बजार व्याबस्थापन गर्न | |
| ९ | ब्यापार ज्ञानको सुधार गर्न | |
| १० | बजार व्याबस्थापन गर्न | |
| ११ | बिउ, मल खाद प्राप्त गर्न | |
| १२ | केही छैन | |
| १३ | अन्य | |

७.६हाल तपाईं कतिवटा प्राथमिक सहकारी संस्थाहरुमा सेयर सदस्य हुनुहुन्छ?...............वटा

७.७यदि तपाईं धेरै सहकारीमा सदस्य हुनुहुन्छ भने ती सहकारीहरुको प्रक्रिति कस्तो छ?

१.बचत तथा ऋण ( ) २. उपभोक्ता( ) ३.कृषि( )

४ दुग्ध ( ) ५.बहुउद्देशीय( ) ६.अन्य( )

७.८धेरै सहकारीमा सहकारी सदस्य हुनुको कारण के हो?

१.ऋण लिन सजिलो( ) २.बचतका लागि ( )

३.साथी / नातेदारहरूको अनुरोधमा() ४. अन्य ( )

७.९तपाईले सहकारीमा कुन दर र किसिमले बचत गर्नुभएको छ?

१.दैनिक (रू)........ २. साप्ताहिक(रू)........

३. मासिक(रू)........

७. १०तपाईले आफ्नो पैसा कुन संस्थामा राख्नु भएको छ?

१. सहकारी ( ) २.बैंक तथा वित्तीय संस्था ( )

३.समुदाय आधारित अनौपचारिक समूह () ४. अन्य ( )

७.११ सहकारी सदस्यता अघि र पछिको आफ्नो जीवनस्तरलाई तपाई कसरी तुलना गर्नुहुन्छ?

१. एकदम उत्कृष्ट () २. राम्रो ( )

३. सामान्य ( ) ४.कुनै पनि फरक छैन ( )

धन्यवाद!!!!!!

## एनेक्स ५

## नक्शा

स्थानको नक्शा



जिल्ला स्तरको स्थान नक्शा



स्थानीय स्तरमा स्थान

